नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




● वर्ष १ ● अंक २६५ ● २०८० साल साउन २० गते शनिबार ● Saturday 05, August 2023 ● सूर्योदय: बिहान ५:३१ बजे ● सूर्यास्त: साँझ ६:५१ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## जनकपुरधाममा छायाँ वडा कार्यालय

### सबैलामा नक्कली शिक्षा शाखा प्रमुख


जनकपुरधाम उप-महानगरपालिका
२३ नं. वडा कार्यालय





जनकपुरधाम उप-महानगरपालिका
२३ नं. वडा कार्यालय
विषय: घरबाटो प्रमाणित

**सुरेश यादव**
**जनकपुर ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ मा छायाँ वडा कार्यालय सञ्चालन गरिएको रहस्य बाहिर आएको छ । वडा अध्यक्ष राघवेन्द्र प्रसाद साह पदमा बहाल रहेकै अवस्थामा घरबाटो सिफारिस सम्बन्धी नक्कली पत्र मालपोत कार्यालयमा पुगेपछि यो रहस्य बाहिर आएको हो ।

वडा अध्यक्ष साह घरायसी कामको सिलसिलामा केही दिनका लागि जनकपुर बाहिर जानुपरेपछि वडा सदस्य विभा ठाकुरलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी तोकेका थिए । साह जनकपुर फर्किनेबित्तिकै साउन १० गते पदीय जिम्मेवारी आफ्नो हातमा लिइसकेका थिए । साउन १७ गतेको मितिमा कार्यवाहक अध्यक्ष ठाकुरकै हस्ताक्षर भएको सिफारिस पत्र मालपोतमा पुग्यो । अध्यक्ष साहलाई मालपोतका कर्मचारी रामदरेश साहले फोन गरे, 'तपाईँको वडामा अहिले पनि विभा ठाकुरजी नै कार्यवाहक अध्यक्ष हो ?' आफुले कार्यभार सम्हालिसकेको भनेपछि सिफारिसमा किर्ते भएको विषय खुलेको हो । साउन १७ गते जारी भएको घरबाटो सिफारिस सम्बन्धी पत्रमा चलानी नम्बर ३३९ उल्लेख गरिएको छ । जबकी साउन १८ गते जिल्ला प्रशासन कार्यालयलाई वडा कार्यालयले लेखेको पत्रको चलानी नम्बर १६४ छ । यसले पनि किर्ते प्रष्ट भइरहेको वडा अध्यक्ष साहको भनाई छ ।

वडा अध्यक्षले गर्ने कामको नक्कल गर्ने व्यक्तिको वारेमा खोज्दै जाँदा बब्लु भन्ने रुद्रनारायण झा फेला परेको साहले मधेशद्दष्टिलाई जानकारी दिए । लगत्तै साहले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय पुगेर वडा अध्यक्षको कागजात किर्ते भएको किटानी उजुरी दर्ता गराए । प्रहरीले अहिलेसम्म झालाई पक्राउ गर्न भने नसकेको जिरोमाइल प्रहरी चौकीका इन्चार्ज सई विरेन्द्र प्रसाद यादवले जनाए । 'बब्लुको फोन सम्पर्क भइरहेको छैन । उनको परिवारसँग सोधीखोजी गर्दा हलेसी गएको भनेको छ ।

हलेसी नै गएको हो भने एक–दुई दिनमा फर्किनुपर्ने हो, प्रतिक्षामा छौं' सई यादवले भने ।

एउटा घरबाटो सिफारिस सम्बन्धी पत्रमा किर्ते भएको फेला परेपनि आफुले थाहा नपाउनेगरी जति पनि किर्ते भएको हुन सक्ने आशंका गर्दै वडा अध्यक्ष साहले उनलाई पक्राउ गरी अनुसन्धान गर्न माग गरेका छन् । 'यो त एउटा कागज किर्ते भएको भेटेको छ । अहिले जन्मसिद्ध आमाबाबुका सन्तानले नागरिकता पाउने भएपछि दैनिक दर्जनौं सिफारिस लिन आउँछन् । कयौं नक्कली व्यक्तिहरु पनि सक्कली भएको दावी गर्दै आइरहेका हुन्छन् । कति सिफारिस गयो होला ! के के भयो होला !' साहले भने, 'झाले त छायाँ वडा कार्यालय सञ्चालन गरेको रहेछ ।'

अघिल्लो वडा अध्यक्षको कार्यकालमा वडा कार्यालयमै बसेर बब्लुले वडा कार्यसमितिको माइन्यूटदेखि सिफारिसहरु पनि आफैले लेख्ने गरेको र आफु अध्यक्ष जितेर आएपछि हटाएको उल्लेख गर्दै साहले भने, 'मैले वडा कार्यालयमा प्रतिबन्ध गरेपछि बाहिरै बसेर छायाँ वडा कार्यालय सञ्चालन गरिएको देखियो ।'

यस अघि धनुषाकै सबैला नगरपालिकामा नगर शिक्षा शाखा प्रमुखको किर्ते गरेको आरोपमा नगर प्याब्सन अध्यक्ष सहित तीन जनालाई पक्राउ गरी प्रहरीले कारवाही प्रक्रिया अगाडी बढाएको छ । प्याब्सन नेपालका नगर अध्यक्ष समेत रहेका धनुषा किड्स विद्या निकेतन नामक स्कुल सञ्चालक खुशिलाल महतो, युनाइटेड इन्टरनेशनल बोर्डिङ स्कुलका सञ्चालक शत्रुधन कापर र कम्प्युटर पसलका सञ्चालक प्रमोद यादवलाई प्रहरीले पक्राउ गरेको हो । सबैला नगरपालिकाको शिक्षा शाखा प्रमुख प्रदिप मुखियाले दिएको जाहेरी आधारमा महतो र कापरलाई सरकारी लिखत किर्ने सम्बन्धी कसुरमा कारवाही प्रक्रिया अगाडी बढाइएको इलाका प्रहरी कार्यालयका इन्चार्ज इन्स्पेक्टर रामकृष्ण देवकोटाले जानकारी दिए ।

## मुख्यन्यायधिवक्ताले यौन दुर्व्यवहार गरेको आरोप






**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
मधेस प्रदेशका मुख्यन्यायधिवक्ता वीरेन्द्र कुमार ठाकुरले शहिद परिवारसंग यौन दुव्र्यवहार गरेको आरोप लागेको छ ।

सोहि कार्यालयमा कार्यालय सहयोगीको रुपमा कार्यरत शहिद परिवारकी अनिला कुमारी यादव मुख्यन्यायधिवक्ता ठाकुर माथि आरोप लगाएकी हुन् ।

मुख्यन्यायधिवक्ता ठाकुरले यौन दुव्र्यवहार गरेको भनी कारवाहीको माग गर्दै मुख्यमन्त्री कार्यालयमा निवेदन दिएकी पिडीत अनिला मधेस आन्दोलनको क्रममा शहीद भएका रामविवेक यादवको श्रीमती हुन ।अनिलाले निवेदनमा मुख्य न्यायधिवक्ता ठाकुरले आफूलाई यौन दुव्र्यवहार गर्ने सहितका मानसिक यातना दिदै आएको निवेदनमा उल्लेख गरेकी छन् । 'मधेस प्रदेश सरकारको कानुनी सल्लाहकार मुख्य न्यायधिवक्ताको कार्यालयमा विगत ६ वर्षदेखि कार्यरत छु, म आफ्नो काम इमान्दारीपूर्वक आएको छु ।पूर्व मुख्यन्याधिवक्ताको कार्यकालमा सौहाद्रपूर्ण वातावरणमा काम गर्ने अवसर पायौं । तर वर्तमान मुख्यन्याधिवक्ता ठाकुरले तिमी काम ठिकै गर्छौं, तिम्रो अनुहारमा मुस्कान छैन, रिसाएको जस्तो गरी बस्छौं, म कहाँ आउंदा हंसमुख भएर आउनु, म जे भन्छु त्यो सबै मान्नु, नत्र तिमी काम नआउ, तिम्रो करारको म्याद थप्दिन भनी मानसिक यातना दिनुका साथै यौन दुव्र्यवहार गर्ने गरेको अवस्था समेत छ ।

देश सरकारको बदनामी हुन्छ भनी चुप लागेर बसेकी थिए ।

पछिल्लो दिनमा उक्ता घटना तिव्र हुँदै गएकाले म एकल महिला भएको र उक्त कार्यालयमा काम गर्दा खेरी चिया, खाजा लिएर जानुपर्ने हुन्छ ।

उक्त अवधिमा निज मुख्यन्यायधिवक्ताबाट कुनै प्रकारको हिंसा हुन सक्ने असुरक्षाले सुरक्षाको व्यवस्था सहित मुख्यन्यायधिवक्तालाई कारवाहीको माग गरेकी छन् ।

उनले भनिन् पटक पटक दुव्र्यवहार हुन थालेपछि आफूले गत साउन १४ गते मुख्यमन्त्री कार्यालयमा मुख्य न्यायधिवक्ताविरुद्ध निवेदन लिएर पुगेको तर मुख्यमन्त्रीले निवेदन दर्ता नगरी उनलाई सम्झाउने भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट फर्काइ दिएको गुनासो गरिन् ।यता मुख्य न्यायधिवक्ता वीरेन्द्रकुमार ठाकुरले आफूमाथि लगाइएको आरोप निराधार रहेको दाबी गरेका छन् ।

उनले सर्वोच्च अदालतको महत्वपुर्ण कागजात राख्न दिदा हराएका र त्यसपछि उनलाई त्यस विषयमा भनेपछि आफुमाथि यस्तो आरोप लगाएको र यो आरोप निराधार रहेको बताए । मधेश आन्दोलनको प्रहरीको गोली लागि मृत्यु भएका रामविवेककी श्रीमति अनिलालाई कार्यालय सहयोगी पदमा त्यसबेला मुख्यन्याधिवक्ताको कार्यालयमा करारमा नियुक्ति दिइएको थियो । प्राप्त जानकारि अनुसार मुख्यमन्त्री सरोज कुमार यादवले मुख्यन्यायधिवक्ता विरुघ परेको निवेदन लिन अस्विकार गरेको छ ।

## वीरगंजको खानेपानी समस्या समाधान हुनेछः अर्थमन्त्री

*वीरगंजमा देखिएको खानेपानी समस्या समाधान गर्न सरकार गम्भीर रहेको छ र तत्काल डिप बोरिङ गरी समस्या समाधान गर्नुपर्ने र दीर्घकालीनरुपमा वैकल्पिक खानेपानीको स्रोत जुटाउने रणनीतिमा सरकार लाग्नेछ*




### 'काम गर्ने पार्टी कांग्रेस हो'

**मधेशद्दष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका प्रवक्ता एवम् अर्थमन्त्री डा. प्रकाशशरण महतले यो देशमा काम गर्ने पार्टी भनेकै कांग्रेस भएको बताएका छन् ।

नेपाली कांग्रेस क्षेत्र नम्बर १ ख को प्रथम प्रदेश सभा क्षेत्रीय सम्मेलन वीरगंजमा उद्घाटन गर्दै अर्थमन्त्री महतले कांग्रेसले जे बोल्छ, त्यो गर्छ र गर्न नसक्ने कुरा बोल्दैन भने । उनले कांग्रेसको विकल्प कुनै पार्टी नभएको जिकिर गर्दै लोकतन्त्र अझै पनि संस्थागत भइनसकेकाले लोकतन्त्रलाई संस्थागत गर्ने क्षमता कांग्रेसमा मात्रै भएको बताए । अर्थमन्त्री महतले देशभरका कांग्रेस नेता कार्यकर्तालाई एकापसमा आरोप प्रत्यारोपमा नलागी एकजुट भएर पार्टीका लागि काम गरेको खण्डमा कांग्रेसका सामु कुनै पनि पार्टी टिक्न नसक्ने ठोकुवा गरे । उनले अहिले पार्टीमा आफू मात्रै

बाँकी पृष्ठ २ मा

**मधेशद्दष्टि**
**वीरगंज ।**
अर्थमन्त्री डा. प्रकाशशरण महतले राष्ट्रिय गौरव तथा ठूला आयोजनालाई प्राथमिकतामा राखेर सरकारले चालु आर्थिक वर्षको बजेट विनियोजन गरेको बताएका छन् । नेपाल प्रेस युनियन पर्साद्वारा वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री महतले सुशासन, पारदर्शितासँगै प्रभावकारी विकास निर्माणलाई सरकारले सँगै अगाडि बढाएको बताए । उनले हाल अर्थतन्त्रमा देखिएका समस्या विस्तारै समाधानउन्मुख भएको र मुलुकको अर्थतन्त्र सहज अवस्थातर्फ अगाडि बढिरहेको बताउँदै बजार चलायमान बन्दै गएकाले अब आत्तिनु पर्ने अवस्था अन्त्य भएको दाबी गरे ।

अर्थमन्त्री डा. महतले बिगतका वर्षमा पुँजीगत खर्च कम हुँदा समस्या भएको बताउँदै अब समयमै ठेक्का लगाउने र समयमै बजेट खर्च गर्नुपर्ने प्रावधान सरकारले ल्याएकाले आगामी दिनमा पुँजी प्रवाह भएर अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने बताए । अर्थमन्त्री डा. महतले आर्थिक पारदर्शिता, करदाताउन्मुख अर्थतन्त्र कार्यान्वयन गर्दै भन्सारमा सहजतासँगै चोरीतस्करी नियन्त्रण गर्न प्रभावकारी संयन्त्र निर्माण गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको समेत जानकारी दिए ।

पत्रकार सम्मेलनमा मन्त्री महतले वीरगंजमा देखिएको खानेपानी समस्या समाधान गर्न सरकार गम्भीर रहेको बताउँदै तत्काल डिप बोरिङ गरी समस्या समाधान गर्नुपर्ने र दीर्घकालीनरुपमा वैकल्पिक खानेपानीको स्रोत जुटाउने रणनीतिमा सरकार लाग्नेसमेत बताए ।

उनले बजेट न्युन रहेको र आवस्यकता धेरै भएको बताउँदै सरकारलाई वैदेशिक ऋण र ब्याजको दायित्व बढ्दा जनचाहनाअनुरुप अगाडि बढ्न नसकेकामा दुःखेसो समेत प्रकट गरे । आयातीत सामानमा लेबलिङ गर्नुले आर्थिक पारदर्शिता हुने र केही समय अप्ठ्यारो भए पनि पछि सहज हुने बताउँदै अर्थमन्त्री महतले गैरकानुनी व्यापार गर्नेलाई समस्या भए पनि कानुनीरुपमा व्यापार गर्ने व्यवसायीलाई यसले प्रोत्साहित गर्ने हुँदा व्यवसायीलाई लेबलिङ गर्ने कार्यले झन्झट नहुने दाबी गरे । उनले वीरगंजको कृषि औजार कारखाना सञ्चालन हुनुपर्छ भन्ने मान्यतासहित दीर्घकालीन योजनाका लागि सरकार लागिपरेको बताउँदै वीरगंज चिनी कारखाना, हेटौँडा कपडा उद्योग, हेटौँडा सिमेन्ट उद्योग, उदयपुर सिमेन्ट

बाँकी पृष्ठ २ मा

## विकास कार्यमा स्थानीय सरकारसँग समन्वय हुन्छः मुख्यमन्त्री




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
मुख्यमन्त्री सरोजकुमार यादवले स्थानीय सरकारसित समन्वय गरी विकास कार्य अघि बढाइने बताएका छन् ।

प्रदेश समन्वय परिषद्को बैठकलाई शुक्रबार सम्बोधन गर्दै उनले जनताकै लागि विकास गर्ने भएकाले प्रदेश सरकारले स्थानीय सरकारसित समन्वय गरेर अघि बढ्न चाहेको विश्वास दिलाए । युवा र कृषिलाई जोडेर आएको बजेट एवम् प्रदेशका योजना नियमन गर्न निरन्तर अनुगमन समिति सक्रिय बनाइने घोषणा पनि उनले गरे । प्रदेशको विकास कार्यमा देखापरेको अनियमित क्रियाकलापलाई नियमन गर्न दुई वटा गाडी निरन्तर अनुगमनको लागि खटाइने जानकारी पनि उनले दिए ।

'अनुगमन समितिको काम चेकिङ जस्तो हुनेछ,' उनले भने, '१५ दिनको काम २५ दिनभन्दा माथि जानुहुँदैन ।' सोही अवसरमा गृह, सञ्चार तथा कानुन मन्त्री मोहम्मद समीमले प्रदेश सरकारले स्थानीय निकायसँग समन्वय नगरेको प्रसंगमा प्रदेश सरकारलाई मात्र दोष दिएर नहुने बताए । स्थानीय तहले समेत कुनै कार्य गर्दा प्रदेशका माननीयसँग समन्वय गर्नुपर्ने उनले बताए ।

प्रदेश सरकारलाई स्वामित्व ग्रहण

बाँकी पृष्ठ २ मा



# दुई दिन विद्यालय बन्द हुने

**रासस**
**चितवन ।**
विद्यालयमा आउने बालबालिकामा आँखा पाक्ने समस्या बढ्दै गएपछि खैरहनी नगरपालिकाका विद्यालय दुई दिनका लागि बन्द गरिएको छ ।

पालिकाभित्र रहेका विद्यालय तथा क्याम्पस साउन २१ र २२ गते दुई दिनका लागि बन्द गरिएको हो । नगर शिक्षा अधिकारी राजु बानियाले विद्यालय आउने विद्यार्थीमध्ये ४० प्रतिशतमा आँखा पाक्ने समस्या देखिएपछि विद्यालय बन्द गरिएको जानकारी दिए । सामुदायिक विद्यालयमा परीक्षा सकिएर वर्षे बिदा भएकाले संस्थागत विद्यालय र क्याम्पस बन्द गरिएको उनले बताए ।

बानियाका अनुसार, अहिलेको बिदा विद्यालयले हिउँदे र बर्षे बिदाबाट कट्टा हुने गरी गरिएको मिलान गर्नुपर्नेछ । यस पालिकामा सामुदायिक विद्यालय २७, संस्थागत विद्यालय २२ र कलेज चार रहेका छन् । यहाँ १७ हजार पाँच सय विद्यार्थी अध्ययन गर्दै आएका छन् ।

मौसममा आएको परिवर्तनसँगै ‘एडिनो भाइरस कन्जङ्गिटवाइटिस’का कारण बालबालिकामा आँखा पाक्ने समस्या देखिएको नगर स्वास्थ्य अधिकारी निर्मल घिमिरेले जानकारी दिए । उनका अनुसार यो सङ्क्रमण पाँचदेखि सात दिनमा निको हुन्छ ।

यसबाट बच्नका लागि आँखाका बिरामीको संसर्गमा नआउने, कालो चस्मा लगाउने, आँखा परीक्षण गरी औषधिको प्रयोग गर्ने, सफा पानीले नियमित आँखा सफा गर्ने, नियमित साबुनपानीले हात धुने, तौलिया, रुमाल, लत्ताकपडा तथा शृङ्गारका सामानहरू साझा रूपमा प्रयोग नगर्ने घिमिरेले बताए ।

# नगर प्रमुखलाई जसपाको ज्ञापनपत्र

**मधेशदृष्टि**
**महोत्तरी ।**
जनता समाजवादी पार्टी नेपाल रामगोपालपुर नगर कमिटीले रामगोपालपुर नगरपालिकाका नगर प्रमुख रामदुलार साहलाई विभिन्न माग सहित ज्ञापनपत्र बुझाएको छ । कमिटीका नगर अध्यक्ष सुरेश कुमार यादवको अगुवाईमा नगर प्रमुख साहलाई शुक्रबार ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा विभिन्न ७ बुँदे माग उल्लेख गरिएको छ । जसमा रामगोपालपुर नगरपालिकालाई सुख्खा नगरपालिका घोसणा गराउनुपर्ने, किसानलाई क्षति पूर्ति राहत उपलब्ध गराउनुपर्ने, प्रत्येक वडाका किसानहरुलाई कृषि मिटर निशुल्क उपलब्ध गराउनुपर्ने, खानेपानी समस्या भएको ठाउँमा स्थलगत अनुगमन गरि सहजीकरण गराउनुपर्ने माग अगाडि बढाइएको छ ।

त्यसैगरी ज्ञापनपत्रमा हाल आमजनमानसमा आँखासम्बन्धी समस्या धेरै नै देखा परेको हुनाले यस विषयमा नगरपालिकाले आँखा शिविर तथा औषधी व्यवस्था मिलाउनुपर्ने, किसानलाई कृषि मिटरको बिल र अति बिपन्नहरुको घर मिटरको बिल निःशुल्क उपलब्ध गराउनुपर्ने र हाल नेपालभर महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग नगरपालिका भित्रका गाई वस्तुमा पनि भयावह रूपमा देखापरेकोले खोप र पशु चिकित्सकको हिसाबले व्यवस्था मिलाउनु पर्ने रहेको माग अघि सारिएको छ ।

# किसानद्वारा प्रधानमन्त्रीलाई ज्ञापन

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीलाई सुक्खा क्षेत्रको घोषणा गर्नुपर्ने मागसहित किसान संघर्ष समितिले प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । सुक्खा क्षेत्र घोषणा गरी पीडित किसानलाई राहत र क्षतिपूर्ति दिनुपर्ने पाँचसूत्रीय मागसहित शुक्रबार जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौँमा ज्ञापनपत्र पठाएको हो । सप्तरी निर्वाचन क्षेत्र नम्बर ४ ख बाट निर्वाचित प्रदेशसभा सदस्य अनिरुद्ध प्रसाद सिंह यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय राजविराज पुगेको टोलीले प्रशासकीय अधिकृत कल्पना मानन्धरलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा पानी नपरेपछि आमनागरिक र किसानले पानीको अभावमा खेतीपाती गर्न नसकेकाले तत्काल सुक्खा क्षेत्र घोषणा हुनुपर्ने, चौपाया फैलिएको लम्पी स्किन रोग निदान तथा नियन्त्रणकाका लागि भ्याक्सिनको व्यवस्था गर्नुको साथै वस्तुभाउ गुमाएका किसानलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग गरिएको छ । त्यस्तै, किसानका लागि उन्नत बिउ बिजन, सिँचाई तथा मलखाद सरल र सहजरुपमा उपलब्धताको सुनिश्चित गर्नुपर्ने, कृषि विद्युतीकरणसँग आवद्ध भएका किसानका लागि २४ घण्टा विद्युत् आपूर्तिको व्यवस्थापन गर्नुको साथै राहतस्वरुप कृषि विद्युत मिटर किसानलाई सहज रुपमा उपलब्ध गर्नुपर्ने माग गरिएको छ । यसैगरी, सबै स्थानीय तह हरुमा कृषि तथा पशु अनुसन्धान प्रयोगशालाको व्यवस्था हुनुपर्नेसहितको माग रहेको छ । समितिले बुझाएको ज्ञापनपत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत मानन्धरले संघर्ष समितिले उठाएको माग जायज भएकोले तत्कालै सम्बन्धित निकायमा पठाउने बताइन् ।

# ‘बरामद होइन, सुन कति उम्कियो भन्ने मुख्य प्रश्न हो’

**रासस**
**काठमाडौँ ।**
संसदीय समितिले ललिता निवास, नक्कली भूटानी शरणार्थीदेखि सुनकाण्डसम्मका घटनाले सुशासनको विषयमा लज्जाबोध गराएको जनाउँदै त्यस्ता घटनाको गहिरो अनुसन्धान र निष्पक्ष छानबिनको माग गरेको छ ।

राज्यव्यवस्था तथा सुशासन समितिको आजको बैठकमा सदस्यहरुले संसद् नचलेको तथा कार्य क्षेत्र भित्र परेको विषयसँग सम्बन्धित एक सय किलो सुन प्रकरणसहितका घटनाबारे गृहमन्त्रीलाई बोलाएर समितिमा प्रखर छलफलको आवश्यकता औँल्याए ।

राज्यव्यवस्था र सुशासनसँग सम्वन्धित विषयमा अत्यन्तै प्रभावशाली र क्रियाशील हुनुपर्नेमा एकपछि अर्को काण्ड भइरहेको समयमा अझ बैठक घनिभूत हुन आवश्यक रहेको बताउँदै उनीहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चामा रहेका तीनवटै घटनाको निष्पक्ष छानबिन र अनुसन्धानबारे गृहमन्त्रीसँग जानकारी लिनुपर्ने सुझाव दिए । समितिको कार्य क्षेत्र भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा र गृह मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान, निर्वाचन र लोक सेवा आयोगसहित पर्छ ।

समिति सदस्य रवी लामिछानेले अन्तर्राष्ट्रिय सञ्जाल, सङ्गठित अपराधसँग जोडिएका घटनाले भ्रष्टाचार नियन्त्रण, सुशासनलाई चूनौति दिएको बताउँदै गहिरो अनुसन्धान र निष्पक्ष छानबिनका लागि समितिको निर्देशन माग गरे ।

समितिका पूर्वसभापति एवं सदस्य हृदयराम थानीले मुलुकमा भएका पछिल्ला घटनाबारे गृहमन्त्रीबाट आवश्यक जानकारी लिनु स्वभाविक भएको बताए ।

समिति सदस्य लिलानाथ श्रेष्ठले मुलुकमा पछिल्लो समय भएका ठूला घटनामा सङ्लग्न मुख्य व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्न सरकारलाई कसले चुनौति खडा गर्यो भनी प्रश्न गरे ।

सांसद ईश्वरी न्यौपानेले विदेशमा पसिना बगाएर आउने श्रमिकले बोकेको चार आना देख्ने तर क्वीन्टलका क्वीन्टल सुन भन्सार पार हुँदा नदेख्ने घटनाले सुशासनको धज्जी उडाएको विचार राखिन् ।

समिति सदस्य विश्वप्रकाश शर्माले एक सय किलो सुन बरामदको नभई कति उम्कियो भन्ने मुख्य प्रश्न भएको बताउँदै नक्कली शरणार्थीदेखि सक्कली सुनसम्मका घटनाको गहिरो अनुसन्धान र निष्पक्ष छानबिनका लागि समितिमार्फत सरकारको ध्यानाकर्षण गराए । सदस्य कृष्ण गोपाल श्रेष्ठले मुलुकमा पछिल्लो पटक सार्वजनिक भएका महत्वपूर्ण घटनालाई अनुसन्धान र छानबिनका हिसाबले टुङ्गोमा पुर्याउन आवश्यक रहेको धारणा राखे ।

सदस्य दिलेन्द्रप्रसाद वडूले एक सय किलो सुन काण्डले भन्सार र सुरक्षाको क्षमतामाथि प्रश्न खडा गरे पनि सरकारकै संयन्त्रले पक्राउ गरेको घटनालाई पनि अन्यथारुपमा हेर्न नहुने तर्क गरे । यसअघि बैठकमा समिति सचिवालयले तयार गरेको आन्तरिक कार्यविधि २०८० माथि भएको छलफलमा सदस्यले समितिलाई प्रभावकारी तुल्याउन तथा समयको परिमालनामा जोड दिँदै प्रेसलाई बैठकमा सहज पहुँच दिने विषयमा अन्यथा लिन नहुने धारणा राखेका थिए ।

# सार्वजनिक जीवन र आर्थिक उपार्जनमा चासो बढाउँदै मुसहर

**गोपालप्रसाद बराल**
**महोत्तरी ।**
दिनहुँ चरन क्षेत्रमा चार–पाँच भैँसी अघिपछि लगाएर चरनमा लैजाँदै–ल्याउँदै भेटिन्छन् भङ्गाहा–४ रामनगरको मुसहरीटोलका ६५ वर्षीय जुगल सदा । दुई दशकअघि पनि सदा यसरी नै भैँसीकै अघिपछि देखिन्थे । त्यतिखेर गिरहत (मालिक) को भैँसी चराउने जुगलका अहिले चराउन लगिने भैँसी आफ्नै हुन् । बनिबुतो गरेर बर्सेनि एक–दुई ससाना पाडी जोड्दै गरेका जुगलका गोठमा अहिले पाँच भैँसी छन् ।

शिक्षा, स्वास्थ्य, राजनीतिक, सामाजिक गतिविधि र अर्थोपार्जनमा पूरै बेखबर रहने मुसहर अब यी क्षेत्रमा चासो बढाउँदै आफ्नो समुदायको पुरानो परिचय फेर्दै गरेका देखिन्छन् । जुगलकै छिमेकी हेमकुमारी सदाका खोरमा पनि आफ्नै छ–सात बाख्रा छन् । त्यसै बस्तीकी सुशिला सदाले पनि भैँसी, पाडापाडी गोठमा बढाउँदै लगेकी छन् । जन्मदेखि मृत्युसम्म गिरहतको सेवाबाट प्राप्त हुने बनी (पारिश्रमिक) ले चल्ने मुसहरको जीवन अब आफ्नै सञ्चित उपार्जनबाट हुन थालेको छ ।

मधेशमा खेतिहर मजदुरी (कृषि कार्यका श्रमिक) मुख्य पेसा मानिने मुसहर ‘टाला बोक्ने’ (माटो काट्ने, सम्याउने, अग्लो ठाउँको माटो काटेर टाला काँधमा राखेर होचो ठाउँमा भर्न लाने) कामका पोख्त मानिन्थे । समय क्रममा यस्ता कामका लागि यान्त्रिक उपकरण (ट्र्याक्टरसहितका यान्त्रिक उपकरण)को प्रयोग बढेसँगै मुसहरको यो पुख्र्यौली परिचयको काम घट्दै गयो ।

गिरहतको खेतमा हलो जोत्ने, कोदालो खन्ने, ब्याड काढ्ने, धान रोपाइँ गर्ने र काट्ने, थन्क्याउनेसम्मका काममा मुसहर नै खास जनशक्ति रहँदै आएका हुन् । टाला (दुईतिर माटो राखेर बाँसको भाटामा गुथ्याइएको भार) बोकेर काँध फुलेका देखेपछि यी मुसहर भन्ने अड्कल लगाइनु आम कुरा हुन्थ्यो । समयक्रममा मुसहर किशोर र युवा कमाउन विदेशिन थालेपछि यता कृषि जनशक्तिको अभाव तथा मुसहरको कामको क्षेत्र फेरिँदै जीवनचर्यामा आर्जनको धोकोसँगसँगै बढेको भङ्गाहा–१ का बासिन्दा समाजशास्त्री शिवराज दाहाल बताउँछन् ।

धेरैथोरै महोत्तरीका सबै जसो स्थानीय तहमा बसोबास देखिने यो जाति समुदायको बाक्लो बस्ती भङ्गाहा, गौशाला, लोहारपवट्टि, बर्दिबास, मनराशिशवा, एकडारा र बलवासहितका स्थानीय तहमा रहेको पाइन्छ । शिक्षा, स्वास्थ्य, सामाजिक गतिविधि, अर्थ सञ्चय र राज्यका अवसरबाट पूरै बेखबर यो समुदायका बूढापाका अझै आफ्नो जन्म नै गिरहतको सेवाका लागि भगवान्ले गराएको ठान्छन् । अब बल्ल नयाँ पुस्ताले परिचय फेर्दै लगेपछि यो जाति समुदाय मानवीय आवश्यकताका क्षेत्रमा चासो बढाउन थालेका दाहालको भनाइ छ ।

जिल्लामा २७ हजार तीन सय ५२ जनसङ्ख्या (२०७८ को जनगणनाअनुसार) रहेको यो समुदायबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गर्ने १५ भन्दा तलै र स्नातक तह उत्तीर्ण गर्ने त पाँचमुनि रहेका जिल्ला शिक्षा विकास समन्वय एकाइले जनाएको छ । यो सङ्ख्याभित्र छोरी एकजना पनि पर्दैनन् ।

# अनुशिक्षण तालिम सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा अधारभूत प्रहरी कारबाही विधि विशेष अनुशिक्षण तालिम(घुम्ती प्रशिक्षण) सम्पन्न भएको छ । राष्ट्रिय प्रधान प्रहरी प्रतिष्ठान महाराजगंजको तत्वाधानमा आइतबार देखि सुरु भएको ६ दिने तालिम शुक्रबार जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरिक्षक विश्वराज खडकाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

तालिममा दुई जना प्रहरी वरिष्ठ हबल्दार,७ जना प्रहरी शाहायक हवल्दार र २६ जना प्रहरी जवान गरी ३५ जना प्रशिक्षार्थीहरुको प्रशिक्षण पश्चात शुक्रबार प्रहरी उपरिक्षक खडकाले प्रमाणपत्र प्रदान गरेका थिए । ६ दिने तालिममा प्रहरीलाई कारवाही विधि बारे तालिम प्रदान गरिएको थियो ।

# बारामा साउन मसान्तसम्म शतप्रतिशत रोपाइँ हुने अनुमान



**रासस**
**कलैया ।**
लामो समयदेखि पर्याप्तमात्रामा पानी नपरी खडेरी हुँदा पनि बाराका कृषकले यही साउनमसान्तसम्म वर्षे धान रोपका छन् ।

बारा कृषि ज्ञानकेन्द्रका प्रमुख जीतेन्द्रप्रसाद यादवका अनुसार वर्षे धान भदैया, अग्हनी गरी कूल ४६ हजार २० हेक्टर जमिनमा धान रोपाइँ गर्ने लक्ष्य लिएकामा पर्याप्तमात्रामा पानी नपरेर खडेरी भए पनि भूमिगत सिँचाइ, गण्डक नहर, दमकल र पैनीको पानीले यही साउन मसान्तसम्म शतप्रतिशत धान रोपाइँ हुने देखिएको र हालसम्म करिब ८० प्रतिशत धान रोपाइँ भइसकेको छ ।

केन्द्रका बाली संरक्षण अधिकृत राजनाराणप्रसाद साहले यस वर्ष भदैया धान ११ हजार ९ सय ५ हेक्टर र अग्हनी धान ३४ हजार हेक्टर जमिनमा गरी कूल ४६ हजार २० हेक्टर जमिनमा वर्षे धान रोपाइ हुनुपर्नेमा उत्तरी क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको छ भने दक्षिणी क्षेत्रमा केही मात्रामा धान रोपाइँ हुन बाँकी रहेको भएको बताए

आव २०७९÷८० मा भदैया ११ हजार ९ सय ५ हेक्टर, अग्हनी ३४ हजार ११२ हेक्टरसमेत गरी ४६ हजार २० हेक्टर जमिनमा वर्षे धानखेती गरिएको थियो ।

# पूर्व वडाध्यक्षको निधनमा सार्वजनिक बिदा




**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको राजविराज नगरपालिकाको एक वडामा पूर्व वडाध्यक्षको निधनको शोकमा एकदिने सार्वजनिक बिदा दिइएको छ । साविक वडा नम्बर ८ हाल वडा नम्बर ५ का पूर्व वडा अध्यक्ष अच्युतम प्रसाद पोडेलको निधनको शोकमा शुक्रबार एकदिन सार्वजनिक विदा दिईएको हो । पूर्व वडाअध्यक्ष पौडेललाई वडाको तर्फबाट शुक्रबार अन्तिम श्रद्धाञ्जली अर्पण गरी सामाजिक परम्पराअनुसार उनको काठमाडौँमै अन्त्येष्टि गरिएको वडा सदस्य आशा कुमारी तामाङले जानकारी दिइन । उनको बिहीबार उपचारको क्रममा ६६ वर्षको उमेरमा काठमाडौँमा निधन भएको थियो । पौडेल राजविराज नगरपालिका साविक ८ नम्बर वडा हाल ५ नम्बर वडाबाट दुई कार्यकाल वडा अध्यक्ष निर्वाचित भएका थिए ।

# फरार सूचीमा पालिका अध्यक्ष



**मधेशदृष्टि**
**रौतहट ।**
दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भुकुमार सिंह प्रहरीको फरार सूचीमा रहेको खुलेको छ । व्यक्ति हत्या अभियोग लागेका उनीविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटले फरार सूचीमा राखेको हो।

उनीसहित छोटन सिंह भनिने रामप्रवेशकुमार सिंहलाई कार्यालयमा उपस्थित गराउन २०७९ पुस २१ गते इलाका प्रहरी कार्यालय गंगापिप्रालाई लिखित निर्देशन दिएको थियो । क्रम संख्या ३ हजार २ सय ५ नम्बरको पत्रमा गाउँपालिका अध्यक्ष शम्भुकुमार र रामप्रवेश फरार रहेकाले उनीहरूलाई कार्यालय उपस्थित गराउन र नसकिए प्रतिवादीको यकिन परिचय खुल्ने कागजात र तीनपुस्ते विवरण यथाशीघ्र कार्यालयमा उपलब्ध गराउन भनिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी वीरबहादुर बुढामगरले रामप्रवेशकुमार र शम्भुको सन्दर्भमा कार्यालयमा उपस्थित गराउने उद्देश्यले केही महिनाअघि पत्र काटिएको, तर फरार नै भने नभएको दाबी गरे । ‘२०६३ मा एउटा हत्या भएको रहेछ ।

त्यसमा उहाँहरू मुछिनुभएको रहेछ । पछि सरकारी वकिल कार्यालयले मुद्दा तामेलीमा राखेको रहेछ । सोही सम्बन्धमा सामान्य सोधपुछका लागि पत्र काटिएको हो ।

अनुसन्धानको सिलसिलामा यस्तो विषय हुनु नौलो भएन । तर, उहाँहरू पत्रमा उल्लेख भएजस्तो फरार नै भने होइन,’ उनले भने ।

## वीरगंजको खानेपानी समस्या समाधान..........

उद्योगलगायतका कलकारखानाको सञ्चालनसम्बन्धी अध्ययन गरेर त्यसको आधारमा निष्कर्ष निकालिने बताए । अर्थमन्त्री डा. महतले एयरपोर्ट भन्सारबाट पक्राउ गरिएको सुन प्रकरणमा सरकारले गम्भीररुपमा अनुसन्धान प्रक्रिया अगाडि बढाएको बताउँदै दोषी जो कोही भए पनि कडा कारबाही हुने दाबी गरे । उनले सुन प्रकरणमा हाल भइरहेको अनुसन्धान प्रक्रिया प्रभावित पार्ने काम कसैले गर्न नहुने कुरामा जोड दिँदै गम्भीररुपमा अनुसन्धान भइरहेको र यसलाई प्रभावित पार्ने किसिमले यसको विकल्प खोज्न नहुने कुरामा जोडदिए । नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा सांसद तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजय चौरसिया, नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेश सभा सदस्य जनार्दनसिंह क्षेत्री, अर्थमन्त्रालयका सचिव अर्जुन पोखरेल, अर्थमन्त्रीका आर्थिक सल्लाहकार पोषराज पाण्डे, भन्सार विभागका महानिर्देशक शोभाकान्त रेग्मी, आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनाली, वीरगंज भन्सार कार्यालय प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीलगायतको सहभागिता थियो । यसैगरी, अर्थमन्त्री डा. प्रकाशशरण महतले वीरगंज उद्योग वाणिज्य संघद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै चालु आर्थिक वर्षदेखि सरकारले बजेटमा ल्याएको प्रावधानबाट उद्योगी व्यवसायी आत्तिनु पर्ने अवस्था नरहेको बताउँदै कानुनी प्रक्रियाबाट व्यापार, व्यवसाय गर्नेलाई आयातीत सामानमा लेबलिङ गर्ने प्रावधानले उद्योगी व्यवसायीलाई थप सुरक्षित बनाउने दाबीसमेत गरे ।

## ‘काम गर्ने पार्टी कांग्रेस ...............................

राम्रो अरु सबै नराम्रो भन्ने प्रवृत्ति केन्द्रका केही नेतामा देखिएकोमा चिन्ता व्यक्त गर्दै यसले पार्टीलाई हित नगर्ने दाबी गरे । उनले पार्टीको बैठकमा एउटा कुरा गर्ने तर बाहिर अर्कै कुरा गर्ने केही नेताको प्रवृत्ति अन्त्य गर्न पार्टी सभापति शेरबहादुर देउवाको निर्देशनमा केन्द्रीय कार्यसमितिको बैठकको प्रत्यक्ष प्रसारण गरिएको समेत स्पष्ट पारे । उनले नेपाली कांग्रेसका सभापति देउवा दूरदर्शी र दूरदृष्टि राख्न सक्ने क्षमतावान नेता भएको बताउँदै अरु पार्टीका नेता जस्तो बढी गफ दिने नेता कांग्रेस सभापति नभएको बताए ।

नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर १ ख का सभापति अनिल सिंहको अध्यक्षतामा सम्पन्न भेलालाई कांग्रेसका केन्द्रीय सदस्य अजय चौरसिया, मधेश प्रदेशका पूर्व खानेपानी मन्त्री ओमप्रकाश शर्मा, नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेश सभा सदस्य जनार्दनसिंह क्षेत्री, संविधानसभा सदस्य अनिल रुंगटा, कांग्रेस नेता राकेश सिंह, कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमलगायतले सम्बोधन गरेका थिए । यसैगरी, अर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रवक्ता डा. महतले वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले सम्मान गरेका छन् । महानगरपालिकाको आफ्नै कार्यकक्षमा उपप्रमुख आलमले अर्थमन्त्री महतलाई सम्मान गरेका हुन् । उपप्रमुख आलमले वीरगंजमा पानीको हाहाकार भएको र यो समस्या समाधान गर्न अर्थमन्त्रीले समन्वयकारी भूमिका खेलेर समस्या समाधान गर्न अनुरोध गरे । अर्थमन्त्री महतले वीरगंजस्थित नारायणी रंगशाला स्थलगत अवलोकन गर्दै जीर्ण रहेको रंगशालाको भौतिक पूर्वाधार तथा स्तरोन्नतिको लागि बजेट बिनियोजन गरिने बताए । नारायणी रंगशाला अवलोकन गर्नेक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् सांसद अजय चौरसियालगायतका नेता कार्यकर्ताको सहभागिता थियो ।

## विकास कार्यमा स्थानीय..............

गर्ने वातावरण बनाउन स्थानीय तहले पनि समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने धारणा उनको थियो । निमित्त मुख्य सचिव किशोर कुमार चौधरीले शुक्रबारको बैठक असाध्यै महत्वपूर्ण रहेको बताए । उनले बजेट अगावै परिषद्को बैठक जरुरी रहेको भन्दै यसबाट योजना दोहोरिनबाट जोगिने बताए । प्रदेश समन्वय परिषद्को बैठक नियमित बनाउन कार्यविधि नै बनाइने उनले वचनवद्धता व्यक्त गरे ।

परिषद्को सदस्य सचिव एवम् प्रदेश सचिव रामकृष्ण पुडासैनीले सवालहरुलाई सहीरुपमा पहिचान गर्न सघाउ पुर्याउने विश्वास व्यक्त गरे । सिरहा जिल्ला समन्वय समितिका प्रमुख दिनेशकुमार महतो, बाराको कलैया नगरपालिकाका नगर प्रमुख विनोद साह, रौतहटको गौर नगरपालिकाका प्रमुख शम्भु साह, धनुषाका गणेशमान चारनाथ नगरपालिकाका उपप्रमुख तुलसाकुमारी पाण्डेय, महोत्तरीका गौशाला नगरपालिकाका उपप्रमुख रेनुकुमारी महतो, सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका उपप्रमुख सरिताकुमारी यादवलगायतले परिषद्को बैठक नियमित गर्नुपर्नेमा जोड दिए ।

# घुम्न जाऊँ है 'पूर्व डाँका'को गाउँ अकौरा

औँसीको बेला चोरी, डकैती, लुटपाटका लागि टाढाटाढा जाने अकौरा झिझ्काका पासवानले पूर्णिमासम्म चोरेर ल्याएका रेडियो-क्यासेट प्लेयर, घडी, साइकल, गरगहना बेच्न गाउँतिर पनि छिर्थे। पासवान जातिका महिलाले गरगहना, भाँडावर्तन छेउछाउका गाउँमा महिलासँग चोरीका सामान बेच्ने गर्दथे । कहिलेकाहिँ ती सामान बेच्ने महिलाले नै सामान बेचेका घरमा कहाँ के छ भनेर सुराकीका काम पनि गर्दथे । चोरीका माल बेचेर मोजमस्तीमा सकाएपछि ती गाउँमै चोर्न छिर्छन् भन्ने चर्चा खुबै हुन्थ्यो ।



नित्यानन्द मण्डल

**सल्हेस पूजाको धुम**

भनिन्छ, सल्हेस दुसाध (पासमान) का जातीय देवता तथा मिथिलाका लोक देवता हुन् । उनी वीरता, पौरख, साहसिक, पराक्रर्मी, लोकतान्त्रिक योद्धा र प्रेमका प्रतिमूर्तिका रुपमा चिनिन्छ। उनले जनताका गुहार, गुनासो, दुःख, पीडामात्रै सुन्दैनथे त्यसको निदान, निरुपणका लागि पनि अघि सर्दथे ।

जनताका तमाम अर्तनाद, छटपटी, पीडा, कलेशबाट मुक्ति, उन्मुक्ति दिलाउँथे, आफ्ना सीमाका रक्षा गर्दथे । वैशाख १ र २ गते दुई दिनसम्म चल्ने सल्हेस जयन्तीका अवसरमा धनुषा, सिरहा, सप्तरी, महोत्तरीसहित दुसाध जाति (पासवान) बहुल गाउँमा सल्हेस जयन्तीको रौनक हेर्नलायक हुन्छ।

सल्हेसको चर्चा हुनेबित्तिकै दुसाधको चर्चा हुनु र दुसाध जातिको चर्चा हुनेबित्तिकै उनीहरुको बहुल रहेको गाउँ धनुषाको अकौरा, झिझ्का र सर्लाहीमै झिझ्काका पासवानले पुनर्बास गरेको टोल झिझ्केली टोलको परिचर्चा हुनु अस्वाभाविक होइन।

**जाउँ है घुम्न अकौरा**

हाम्रो गाउँ बहुअर्वा र अकौरा अल्लोपल्लो छिमेकी गाउँ हो। एकै सीमा, एकै चौरीमा पर्दछ। त्यसैले, सानैदेखि त्यहाँका राजनीति, समाज, दुसाध जातिका विषयमा धेरै सुनिएको, थोरै देखिएको र केही पढिएका कुरा यहाँ उल्लेख गर्नु प्रासंगिक देखिन्छ।

हो, भनिरहनु पर्दैन, कुनैबेला 'चोरको वस्तीुका रूपमा बदनाम धनुषाको झिझ्का र अकौरा गाउँले आफ्नो छवि उजिल्याउँदै लगेका छन्। मधेश प्रदेशको राजधानी जनकपुरधाम भन्दा ६ किमि पूर्वमा पर्ने नगराइन-८ साविक देवडिहा-२ र ३ स्थित नेपाल-भारत सीमामा पर्ने गाउँ हो अकौरा। कुनैबेला कुख्यात 'चोर र डाँकाको अु का रूपमा चिनिन्थ्यो, सुरक्षाकर्मीसमेत गाउँ छिर्न हच्किन्थे। यहाँका कुल ४ सयमध्ये १ सय ३५ घरधुरी पासवान जाति मुख्य रूपमा चोरी पेसामा संलग्न थिए।

विदेह नगरपालिकाको झिझ्का पनि भारतीय सीमा पर्ने नेपालको पासवान बहुल गाउँ हो। झिझ्कामा पनि झन्डै एकसय घरधुरी दुसाधको बसोबास छ। नरहिया र कपटौल गाउँ पनि दुसाध बहुल गाउँ हुन् । यी गाउँमा पनि अकौराका पासवानको नाता कुटुम्ब छन्। २५ वर्षअघिसम्म यी गाउँका पुरुषको मुख्य पेसा नै युवावस्थामा चोरी र प्रौढमा धानचामल र नगद गाउँलेबाट लिएर गाउँ रखबारी (चौकीदारी, पहरेदारी) गर्नु हुन्थ्यो। दुसाधले पहरेदारी गरेको, रखबारी लिएको गाउँमा सामान्यतया चोरीडकैती हुँदैनथ्यो।

अकौराः हेर्दा सानो गाउँ वा टोल नै भन्दा अतिशयोक्ति नहोला। तर यसले कमाएको ख्याति, आयतन र उचाइले मधेश र उत्तरी सीमावर्ती भारत बिहारलाई समेत हल्लाइराख्ने दुसाध बहुल गाउँ हो, यो। चोरीडकैती पेशामा संलग्न सरदारको नाउँ नै सुन्दा सातो जाने तर आजभोलि तिनीहरु पनि सामाजिक, राजनीतिक आवरणमा आफ्ना सादगीपूर्ण जीवनयापन गर्न थालेका छन्।

**अकौराका आका कुञ्जा पासवान**

कुनैबेला चोरी पेशालाई त्याग्दै साधु बनेका थिए कुञ्जा पासवान। उनी बलिया, परोपकारी र धर्मकर्ममा विश्वास राख्थे। उनमा दया, परोपकार र करुणाका भाव थियो। उनी सडक, पुलपुलेसा बनाउँथे। उनी धनीको घरमा मात्र चोरी गर्दथे, धेरै नै बलिया र आँटिला थिए। र, त धेरै आदरका साथ अहिले पनि उनको नाम लिने गरिन्छ। उनका विरासत बोकेका अकौराका पासवानले पुख्यौली परम्परागत चोरी पेशा अंगाले। उनलाई सबैले बाबा अर्थात् हजुरबुबा भनेर सम्बोधन र सम्मान गर्छन्। उनलाई अकौराका आदर्शका रुपमा लिने गरिन्छ। यिनकै शाखासन्तानको नामै सुन्दा अचम्म लाग्नसक्छ, मुटुको धडकन बढ्न सक्दछ। डरले शरीर काम्न सक्छ। जस्तैः बघबा, लतरा, चन्दरा कति छन् कति। यिनकै दोस्रा तथा तेस्रा पुस्ताका केवल पासवान, जोगी पासवान उपप्रधानपञ्चदेखि गाविस उपाध्यक्षसमेत बने। झगरु, बेचन पासवान त बाबाजी नै बने।

बहुअर्वा, अकौरा र खिरखिरियाको बीचमा पर्ने कन्हैया साहु गाछी नजिकको नदीमा बाँध र नदीमा भएको पानीकै विषयलाई लिएर बहुअर्वा र देवडिहा पञ्चायतबीच विवाद हुँदा कुञ्जा र उनकी बहिनी तेतरीले नै लठ्ठी भालालगायतका घरेलु हातहतियार लिएर लडाइँमा उत्रँदा बहुअर्वाबालाहरु अलि पछि सरेका कुरा सम्झिन्छन्, खिरखिरियाका विकास तथा सामाजिक अभियन्ता कमल पंकज।

**चोरीडकैतीको किस्सा**

डाँका, डकैतीका किस्सा कति छन् कति। चोरलाई च्याप्पै समात्न खोज्दा कट्ठु मात्रै लगाएर कन्दनीसमेत नलगाएकाले कम्मरमाथि नाङ्गै रहेको चोर खाने तेल घसेकाले उम्केको पनि सुनियो। यिनै र यस्तै केही प्रसंग यहाँ उल्लेख गर्नु समिचिन हुनेछ।

**प्रसंग १ः**

यहाँका नामी डाका कुञ्जा पासवानले आफ्नै खर्चमा बहुअर्वा अकौरा जोड्ने पैनीमा 'भमरा पुलुसमेत बनाएका थिए।

**प्रसंग २ः**

२०३६ सालतिर बहुअर्वाका प्रधानपञ्च मुखिया साहेबले चिनिने जानकी प्रसाद मण्डलले बनाएका दाहामेलामा हात्तीमा चढेर कुञ्जा पासवानले पैसा लुटाए। धनीमानीको घरबाट लुटेर ल्याएका पैसा लुटाएर आफ्नो शक्ति प्रदर्शन गरिरहँदा कपिलेश्वर महुआका हेमशंकर गिरीले पेस्तोल तेर्स्याए। यतिकैमा बहुअर्वाकै समाजसेवी जिबछ मररले मित यहाँ मेलामा बबाल भइहाल्छ, अफरातफरी मच्चिन सक्दछ भन्दै गोली नचलाउन आग्रह गरे। भनिन्छ, गिरीलाई त्यतिबेला सातखुन माफको सहुलियत तत्कालीन सरकारबाट पाएका थिए रे।

**प्रसंग ३ः**

एकचोटी काठमाडौँका जेलबाट कुञ्जा पासवान हातमा हत्कडी, नेल लिएर नै जेलबाट फरार भए। पैदल गाउँ आइपुगेका यहाँका बुढापाका बताउँछन्।

**प्रसंग ४ः**

छिमेकी गाउँका हँसेरीले झण्डै धारिलो हतियारले परसादी पासवानको टाउको नै क्षत्विक्षत बनादिएका थिए। उनको परिवारको सबैको मन धुजाधुजा थियो। बाँच्ने आशा नै थिएन। संयोगले नै मृत्युको मुखबाट फर्केका उनी त कुनैबेला नेकपा एमाले नेतृ जुली महतोकै राजनीतिक कमान सम्हालेका थिए। तर, यसवर्षको चुनावमा उनी कांग्रेसी बने।

**प्रसंग ५ः**

कुनै बेला उपद्रवीका संज्ञा पाएका श्री नारारायण भनिने सिरिया र राजकिशोर भनिने कोकबा दाइभाइका जोडी पनि अतुल्य छ। एकपल्ट त देवडिहा प्रहरीका प्रमुख परमानन्दले त यी दाजुभाइलाई अर्धनग्न गरेर नै निर्ममतापूर्वक कुटपिट गरेका थिए।

**प्रसंग ६ः**

अकौरा र बहुअर्वा जोडिने भमरापुल वरपर नै प्रहरीको राइफलको निसानामा करिया पासवान परे। उनले प्रहरी उपर नै थ्री नेट थ्री तर्साउँदा जवाफी फायरिंगमा उनी ठहरै भए।

**प्रसंग ७ः**

वृक्षा, महेन्द्रले भारत बिहारमै अकालमै ज्यान गुमाए। भारतमै एउटा भठ्ठीमै खानपान गरिरहेका भोला पासवान र नागे पासवान मारिए। स्थानीय प्रसादी पासवानले भारतीय प्रहरीले अनेकौँ निदीषलाई समेत हत्या गरेको आरोप लगाउँछन्। स्थानीयले जागेका एउटा खुट्टा मर्काइदिएपछि अर्का खुट्टाले साइकल चलाएको भेटिन्थे।

**प्रसंग ८ः**

२०४२ मा भारतीय प्रहरीको सहयोगमा सीमावर्ती भारतीय क्षेत्रमा अकौराका २ युवकको हत्या र २ लाई पक्राउ गरिएको थियो। बदलामा अकौराका पासमानले पनि ४ भारतीयको टाउको नै छिनालेर भारतीय हरलाखी प्रहरी कार्यालय नजिकै फालिदिएका थिए। त्यस घटनाको भोलिपल्ट नै बहुअर्वाका मुखिआ जानकी प्रसाद स्वास्थ्य चेकअपका लागि दरभंगा गइरहेका बेला उनलाई नै हरिने हरलाखी क्षेत्रका जनताले खुबै केरकार गरेको सुनिन्छ। त्यहाँका आक्रोशित स्थानीयले उनीसँगै भएका नेवि मण्डल, रामसोगारथ मण्डल र उनीउपर नै झम्टने प्रहार गरिरहँदा हरलाखी प्रहरीले उनीको ज्यान जोगाएका थिए।

यसलाई स्मरण गर्दै तत्कालीन गाउँपञ्चायतका प्रमुख तथा नगराइन नगरपालिकाका निवर्तमान मेयर परमेश्वर यादवले भने, 'घटनाले गाउँमा एक वर्षभन्दा बढी समयसम्मदेखि त्रास थियो। नेपाल प्रहरीले छापा मारेको र भारतीय प्रहरीले डाँकाको खोजीमा हाम्रो गाउँमा आक्रमण गर्ने तयारी गरेको हल्लाले हामी निरन्तर भयाक्रान्त वातावरणमा बाँचिरहेका थियौँ।'

**प्रसंग ९ः**

पासवानहरुको कहालीलाग्दो ताण्डवबाट उब्रिन त्यतिन्जेलका छिमेकी गाउँटोलबासीले पुरै टोललाई नै आगोका लप्काले खरानी बनाइदिए। तीनका घरमा भएका बस्तुजात, पशुपंक्षी, झ्यालढोका, चौकी, पलङ पनि चौगम्माका हंसेरीले लगे। यसरी करिब २ देखि ३ पटकसम्म गैरपासवान समाजले पूरै टोलमा नै आगो लगाएर जलाइदिएको सुनिन्छ। पुरुष सबै भगाभाग, महिलामा रुवाबासी। महिनौँसम्म घरपरिवारविहीन उनीहरुले दुःखजिलो जीवन बिताए।

**प्रसंग १०ः**

वृक्षा, भोला, नागे, जयनाथलगायत ३० जना त बिहारका प्रहरी तथा समाजको तगारोमा ज्यान गुमाए। करियालगायतले नेपालकै भूमिमा पनि करिब ५ जनाले आफ्नो ज्यान दाउमा लगाएर मृत्युवरण गरे। ज्यानको बाजी थाप्ने त कति छन् कति।

**प्रसंग ११ः**

२ देखि ३ पटकसम्म धेरथोर परिमाणमा घरेलु हातहतियार भाला गराँस, क्रिच, दबिया तथा आधुनिक हातहतियार नलकटुआ, थ्रिनट थ्रि, सिक्सर, भरुवा बुझाएर आत्मसमर्पण पनि गरे। त्यतिखेरका जिल्लाका प्रहरी प्रमुख, नेपाली कांग्रेसका प्रभावशाली नेता स्मृतिनारायण चौधरी र समाजका अगाडि वासुदेव मावि बहुअर्वाका प्राङ्गणमा नै गरेका हातहतियारसहित आत्मसमर्पण गरेका थिए।

**प्रसंग १२ः**

पञ्चायतकालमा स्थानीय प्रहरीप्रशासन अकौरा र झिझ्काका दुसाधलाई प्रयोग गरेर बहुदल समर्थकको हत्यासम्म भएको घटना बुढापाकाले सुनाउँछन्। भारतको जयनगर, मधुवनी प्रवासमा रही लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्दै आएका नेपाली कांग्रेसका नेता सरोजप्रसाद कोइरालाको मधुवनीमा हत्या गर्दा झिझ्काका डाँका खटाइएको भनिन्छ। अजोदी र सोगारथलाई जेलबाट छाडेर जनकपुरका तत्कालीन अञ्चलाधीश लीलाराज विष्टको आदेशमा जयनगरमा कांग्रेस नेता सरोज कोइरालाको हत्या गर्न पठाइएको सुनिन्थ्यो।

यस्ता निकै नै चर्चित नामहरु थिए जो समाज र प्रशासनका लागि टाउको दुखाइ हुने गर्दथ्यो। उनीहरुको नामै सुनेर मानिस थर्कमान हुन्थे। डरले राति निदाउँदैनथे। उनीहरु अत्यन्तै हिम्मतिला, फुर्तिला, साहसी, चम्बु, लुत्ती थिए।

**चोरी एक कला**

भनिन्छ, चोरी गर्नु एकप्रकारको कला नै हो। घरका मानिस जागेका भए पनि चोर्नसक्नु उनीहरूको विशेषता हो। गाउँमा पुगेर चोरी गर्ने गिरोहमध्येका एकजनाले नै 'चोर चोरु भन्दा सुतिरहेका कोही सडकमा एक्कासी आउँदा उनकै कञ्चटमा पेस्तोल तेर्साएर मार्ने धम्की दिएपछि आफूखुशी तिनका घरमा चोर्न पाउँथे।

औँसीको रातमा डकैती वा चोरीका लागि सुन्दर साइत मानिन्छ। यसलाई अन्हरिआ अर्थात प्रहरीबाट लाइन क्लियरको संकेत उनीहरुले पाउँथे रे। पञ्चयातकालमा प्रहरी र पासवानको मिलिभगतमै घटनाहरु हुने गर्दथे।

वरपरका गाउँसहरका घरमा दुलो (सेन्ह) खनेर अन्न, भाँडावर्तन, लत्ताकपडा र गरगहना चोरी भएका घटनामा आरोप दुसाधलाई नै खेप्नुपर्दथ्यो। यिनीहरुको पनि एउटा खास तौरतरिका हुन्थ्यो। पूजापाठ सलामी चढाएर नै चोरी गर्न 'जतरा गर्थे। सल्हेस महराज र घरका कुलदेवीदेवतालाई नै सुपारी सलामी दिएर शुभसाइतमा चोरी गर्न कम्मर कस्थे। उनीहरु 'कन्ट्र्याक्ट किलरुका रुपमा पनि सुपारी लिन्थे।

उनीहरु अकौरा वरिपरिका खेतको आलीमै सेन (सुरुङ) खनेर छिर्ने-निस्किने अभ्यास गरिरहेका हुन्थे। भनिन्छ, चोरहरू सेन काटेर चोरी गर्दा पहिला खुट्टा छिराएर घरभित्र छिर्ने रहेछन् । पहिल्यै टाउको छिराउँदा घरवालाले जागेपछि सुरुङको पुछारमा ढुकेर बसी घाँटी छप्काइदिने जोखिम हुने भएकाले पहिले खुट्टा नै छिराउने रहेछ ।

औँसीको बेला चोरी, डकैती, लुटपाटका लागि टाढाटाढा जाने अकौरा झिझ्काका पासवानले पूर्णिमासम्म चोरेर ल्याएका रेडियो-क्यासेट प्लेयर, घडी, साइकल, गरगहना बेच्न गाउँतिर पनि छिर्थे। पासवान जातिका महिलाले गरगहना, भाँडावर्तन छेउछाउका गाउँमा महिलासँग चोरीका सामान बेच्ने गर्दथे। कहिलेकाहिँ ती सामान बेच्ने महिलाले नै सामान बेचेका घरमा कहाँ के छ भनेर सुराकीका काम पनि गर्दथे।

चोरीका माल बेचेर मोजमस्तीमा सकाएपछि ती गाउँमै चोर्न छिर्छन् भन्ने चर्चा खुबै हुन्थ्यो। पर्व तिहारका बेला खसीबोका जोगाउने चिन्ताफिकिर गाउँबासीमा हुन्थ्यो। यातायातको सुविधा नपुगेका, राज्य (पुलिस) को पहुँचभन्दा परका बस्तीका सम्पन्न परिवार नै डाँकाको निसानामा पर्थे । चोरी बहुत हुन्थ्यो। कुखुरा, खसीबाख्रा, अन्नदेखि यदाकदा बयल चोरीका वारदात भइरहन्थे।

चोरी अचाक्ली बढ्दा गाउँकै हुँदाखाने दुई-चारजनाको समूह रातभर खबरदारी गर्न परिचालन गरिन्थ्यो, घरधुरी पैसा संकलन गरी पारिश्रमिक दिने गरी। त्यस्ता समूह 'खबरदार खबरदारु जागेर सुत्नु भनी चिच्याउँदै रातभर गाउँमा गस्ती गर्थे।

बाँकी पृष्ठ ख मा



वरपरका गाउँसहरका घरमा दुलो (सेन्ह) खनेर अन्न, भाँडावर्तन, लत्ताकपडा र गरगहना चोरी भएका घटनामा आरोप दुसाधलाई नै खेप्नुपर्दथ्यो। यिनीहरुको पनि एउटा खास तौरतरिका हुन्थ्यो। पूजापाठ सलामी चढाएर नै चोरी गर्न 'जतरु गर्थे। सल्हेस महराज र घरका कुलदेवीदेवतालाई नै सुपारी सलामी दिएर शुभसाइतमा चोरी गर्न कम्मर कस्थे। उनीहरु 'कन्ट्र्याक्ट किलरुका रुपमा पनि सुपारी लिन्थे।

सुन्नुस् त !

# यहाँ त सब ‘भला आद्‌मी’ न छन् !



● रामकुमार एलन

घुम्दै–देख्दै आएको जनकपुर अचेल ‘धाम’ भएको छ । नाम नै ‘जनकपुरधाम ।’ त्यसैले त्यहाँ जानु पुण्य कमाउनु पनि हो । ‘धाम’मा ‘भक्त’हरु गइरहन पर्छ । ‘धाम’ यस्तो ठाउँ हो, जहाँ ‘गरिब’हरु बाहिर माग्छन् र ‘धनी’हरु भित्र । धेरैले हासिमजाकमा भन्ने गरे पनि यो बेलाबखत सही नै लाग्छ । हो पनि, देखिन्छ यस्तै । तर म भने ‘भक्त’ भन्दा ‘अन्धभक्त’ हुँ जनकपुरको–जनकपुरधामको ।

जनकपुरले परिचय दिएको छ । सम्मान दिएको छ । संस्कार दिएको छ । मान्छे चिनाएको छ । अरु गतिशील बनाएर हिँडाएको छ । आरम्भदेखि नै जे जे सुनाइएको थियो, त्यो हो कि होइन भनेर घनिभूतसँग अनुभूत गरेर द्रवीभूत हुने मौका दिएको छ । कहिले साथी सुरेश यादव प्लाष्टिकका झोलाभरि आँप लिएर आउँछन् र हामी थालभरि काटेर कुहिनोको टुप्पोबाट रस चुहुन्जेल खान्छौँ र धित मार्छौं । कहिले भलिभाँतीका साथी बोलाएर मासु चिउरा खुवाउँछौँ र फर्केको ४८ घण्टा नबित्दै फलानाले तेरो कुरा काटेको मन परेन भनेर कैरन आउँछ । यस्तै छ समाज । गाउँलेको काम गाउने हो, नाच्ने कि ननाच्ने आफैँमा भर पर्छ ।

सानो सहरमा ठूलो कुराको गफ उद्योग चलाएर मान्छेका दिमागका कीरालाई चल्मलाउने पार्न सकिएन भने के लेखक, के पत्रकार भनेर साथीहरुलाई बुद्धि फिरेका बेला रोक्ने कोही भएन भने हुन्छ यस्तै । उसै पनि समाजमा कुरौटे पेसाप्रति आफैँ–आफैँ झगडिएर हामी सस्तो भएका छौँ । समाजमा फिटिक्कै नमिल्ने दुई समुदाय छन् । जो हामीविना कसैको ‘दाल गल्दैन’ भन्ने घमण्डीहरु मण्डी ओढेर बाँचेका छन् र एक्लै परेका छन् । जस्तोः एउटा ड्राइभर अनि अर्को पत्रकार ।

बाटोमा गाडी बिग्रेर विचरा ट्रक र बसमुनि त माथि सुतेर बसेका ड्राइभरलाई अर्को ड्राइभरले सोध्दैन, ‘के भयो, भात खाइस्, सामान पाइस् ?’ यस्तै, एउटा पत्रकारले लेखेको समाचारको कपी बोकेर अर्को पत्रकार पुगिहाल्छ र भन्छ, ‘अन्टसन्ट लेखेछ हजुरको, हामी राम्रो लेखिदिइहाल्छौँ ।’ कि कुनैमा राम्रो कथा छापिए अर्कोले नराम्रो खोज्न थालिहाल्छ । ‘सर्पले सर्पको खुट्टा देख्छ’ भने झैँ सबैभन्दा सजिलो पत्रकारकै उछितो काढ्न । गुण्डाको कुरा काट्दा ढाड सड्किहाल्छ, नेताको कुरा काट्दा तेलको कुपन बन्द भइहाल्छ । कर्मचारीको कुरा काटौँ लोककल्याणकारी विज्ञापनको पालो पर्दैन । सजिलो आफ्नै साथी पत्रकारको कुरा काट्न । ड्राइभर र पत्रकारबाहेक समाजमा सबै मिलेका छन् । यी दुईलाई मिलाउन खोज्नु चैँ महाभारतै छ कलियुगमा ।

यसपटकको जनकपुर भ्रमणमा मिश्रीलाल मधुकर सरले निकै ममतामयी ओत दिनु भयो । जानकी मन्दिर पुग्यौँ । अघिल्लोपटक पनि जानकी मन्दिर पुग्दा भानुचोक कि रमेश भोक भन्ने वक्तृत्वकला चलिरहेको थियो । हामी जानकी मन्दिर पुग्यौँ । पत्रिका पसल पुग्यौँ । हिन्दू नै हिन्दू धर्म, संस्कृति सकाइरहेको चिन्तन थियो । यस्तो बदमासीमा न राजा जनक दण्ड दिन सकिरहेका थिए । न भानुभक्त आचार्य मेरो शालिक राख्न पर्दैन भनेर कवितामा सम्झाइरहेका थिए । न रमेश महतो नै मेरो शालिन नराखे हुन्छ भनेर भिडलाई सम्झाउन सक्थे । जे होस्, सहरमा रमिता थियो । रमिता धर्म, व्यक्ति, पात्र र चरित्रको नाममा थियो । जसलाई यो कर्मसँग कुनै लेनादेना थिएन ।

यसपटक हामी थाली खानामा पुग्यौँ । भूतनाथ मन्दिर घुम्यौँ । केही कार्यक्रममा पुग्यौँ । जहाँ प्रदेश प्रमुख हरिशंकर मिश्र, मुख्यमन्त्री सरोजकुमार यादव भेट भयो । अरु थुप्रै नेता, कर्मचारी, पत्रकार भेट्यौँ । असार सकिनै लागेको थियो तर सरकारी बजेट सकिएका थिएनन् । त्यसैले बल गरेर सबै कार्यक्रम सकाउने ध्याउन्नमा थिए । मुख्यमन्त्रीका प्रेस सल्लाहकार सीताराम अग्रहरिसहित हामी अग्रज पत्रकार राजेश्वर नेपालीकहाँ गयौँ । उहाँको स्वास्थ्यलाभको कामना ग¥यौँ । निकै बिरामी पर्नु भएको छ । केही भेटघाटहरु थाँती रहे अर्को भ्रमणका लागि ।

मिश्रीलाल मधुकर, सुरेश यादव, अर्जुन मण्डल, श्यामसुन्दर यादव, प्रवीण साह, शिव यदुवंशी जनकपुरमा पुगेपछि भेटिने टिम हो । भ्याएसम्म एक–एक अग्रजहरुलाई पनि भेट्छु । तर पत्रिकाको काम नपरी सबैलाई भेटेर मात्र पनि हुँदैन । हामी भूतनाथ मन्दिर गयौँ । त्यहाँ मधेशदृष्टिप्रति अलग सम्मान देखाउनु भयो पवन सिंघानियाँले । हामी भेटघाटपछि तस्बिर सेसनमा लाग्यौँ । संयोगले त्यहीदिन सिंघानियाँको तस्बिर पहिलो पृष्ठमा छापिएको थियो । उहाँले मिठो जुस खुवाउनु भयो र तीतो निकाल्नु भयो । समाज विरक्त छ । विभक्त छ । लयमा ल्याउन सकिएको छैन । ल्याउन खोज्नेहरु लखेटिएका छन् । पाखा पारिएका छन् । यो समाजमा बदमासहरुले इमानीहरुको रुमानी सपना किचिमिची पारेका छन् । सिंघानियाँको कटाक्ष थियो, ‘लेखिरहन्छन्, लेख्न दिउँ, यहाँ त सब भला आद्मी न छ ।’

हो, भलाआद्मीहरुको सहरमा ‘भला’ छ, ‘आद्मी’ छैन । ‘आद्मी’ छ, ‘भला’ छैन । फेरि पनि जिन्दगी यायावर हो । अर्को जनकपुर भेटमा यो भन्दा परिपक्क अरु गुदीवाला कुरा सुनाउँला तपाईंलाई । कुरा सुनिदिनु भयो । यो धर्मग्रन्थ होइन भन्नलाई, ‘सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।’ यहाँसम्म पढिदिनु भयो, तपाईंलाई धन्यवाद् ।

# घुम्न जाउँ है ‘पूर्व डाँका’को ........................

**पासवान र पञ्चायत**

पञ्चायत व्यवस्थाप्रति पासवानको गहिरो आकर्षण थियो । पञ्चायत शासनअन्तर्गतको प्रहरी प्रशासनले बहुदलीय प्रजातन्त्रलाई समर्थन गर्ने मानिसलाई धम्की दिन दुसाध प्रयोग गरेको धेरै उदाहरण छन् । सरकारी अधिकारीले पनि सरकारको निहित स्वार्थका लागि हतियार र गोलाबारुद उपलब्ध गराएको बताइन्छ ।

पञ्चायतकालमा स्थानीय प्रहरी प्रशासन अकौरा र झिझ्काका दुसाधलाई प्रयोग गरेर बहुदल समर्थकको हत्यासम्म भएको घटना बुढापाकाले सुनाउँछन् । भारतको जयनगर, मधुवनी प्रवासमा रही लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्दै आएका नेपाली कांग्रेसका नेता सरोजप्रसाद कोइरालाको मधुवनीमा हत्या गर्दा झिझ्काका डाँका खटाइएको भनिन्छ ।

झिझ्काका युवा चोरी-डकैतीमा जाँदा अवरोध भए हत्यासम्म गर्न पछि पर्दैनथे । चोरीबाट आक्रान्त आसपासका बासिन्दाको आग्रहमा २०३५ मा धनुषाका नेताहरूले झिझ्काका पासवान समुदायलाई अन्यत्र सार्ने विकल्प अघि सारे । यो विकल्पमा उनीहरू सहमत भए पनि बाँके, बर्दिया सर्न तयार भएनन् । नाताकुटुम्ब सबै छुट्ने भएकाले उनीहरूले धनुषा वरिपरिकै स्थानमा बस्न महेश्वरप्रसाद सिंह, जिवछ छिटान, भोला झालगायतका नेताहरूलाई आग्रह गरेपछि राज्यले नेत्रगंजमा ४ सय १६ बिघा जग्गा दिएको थियो-प्रत्येक परिवारलाई घडेरीका लागि ५ र खेतीपाती गर्न ३५ कट्ठाका दरले । उनीहरूले १८ महिनाका लागि रासनसमेत पाएका थिए । जङ्गल क्षेत्र रहेको जग्गालाई उनीहरूले विस्तारै खेतीयोग्य बनाए ।

त्यसबखत झिंजाली धनुषाको राजनीतिमा हेमबहादुर मल्लको भोटबैंक रहेकाले तिनकै जोडबलमा पुनर्बासमा जग्गा पाएको सुनिन्थ्यो । अहिले बुझ्दा तत्कालीन अञ्चलाधीश विष्टकै पहलमा राजा वीरेन्द्र क्षेत्रीय भ्रमणका क्रममा हेटौँडामा रहँदा बिन्तीपत्र सदर गराई जग्गा पाएको बताइन्छ । सुरुमा बर्दियामा हरपरिवारलाई चारबिघा जग्गा अफर गरिएको थियो रे, झिजालीले बरु थोरै होस्, जनकपुर अञ्चलभित्रै होस् भने । पुनर्बासको लालचमा अकौराका पासमानले अञ्लाधीशको रोहबरमा ४७ थान हातहतियारसमेत बुझाए । सर्लाहीको सागरनाथ वन नजिक जग्गा पनि हेरे तर आजसम्म पुनर्बास हुनसकेका छैनन् ।

अकौराका पासवान भन्छन्, ‘हाम्रो सरदार (प्रमुख) को पहुँच त्यसबेलाका एसपी, डिएसपी र अञ्चलाधीशको बैठक कोठासम्मै हुन्थ्यो । ‘हाम्रा सरदार प्रमुखले प्रत्येक महिना घुस दिएपछि तत्कालीन प्रहरी उपरीक्षक, डिएसपी र अञ्चल प्रमुखहरूको बैठकमा पहुँच राख्ने गर्थे, स्थानीय सुनाउँछन् । यसलाई अन्हरिआ झोला अर्थात प्रहरीबाट लाइन क्लियरको संकेत उनीहरुले पाउँथे रे ।

**राजनीतिक आवरण**

डकैतीबाट निवृत्त भइसकेका नामुद पूर्वसरदारहरू फरकफरक पार्टीका थिए । कहिले बघबा त कहिले लतरा, कहिले परसादी कहिले केवल त कहिले जोगी त कहिले कोकबा सिरिया त कहिले नागे त कहिले भोला । गाउँमा सरदारकै ‘तुती बोल्थ्यो । चुनावमा सरदारलाई हात लिएपछि टोलको भोट झिरिप्पै आउँथ्यो । सरदारहरू फरक कित्तामा उभिए भोट बाँडिन्थ्यो । जस्तोः केबल एकातिर हुन्छ भने प्रसादी अर्कातिर भइदिन्छ । दुई गुटबीच बेलाबखतमा खुनी झडप पनि हुँदै गर्छन् । त्यसैले जसको पक्षमा पासवान हुन्थे, तिनले चाहिँ देवडिहाका प्रधानपञ्च अथवा गाविस अध्यक्ष हुन्थे चाहे त्यो परेमश्वर यादव मुखियाजी होस् कि कृष्णचन्द्र यादव भूपूजी किन नहोस् ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि अकौराका पासवान नेपाली कांग्रेस, एमालेतिर लागे । राजभक्त र पञ्चायतका हतियार तिनको राप्रपातिर बिरलै आकर्षण देखियो । धेरथोरै मात्र राप्रपा थिए । सशस्त्र विद्रोहकालमा पनि सम्भवतः नेकपा माओवादीमा सायदै कोही लागेका होलान् । पञ्चायतकालमा शक्तिकेन्द्रको संरक्षण पाएका अकौराका पासवानलाई बहुदल झन् फाप्यो, अब आफ्नो संगठित शक्ति अरूका लागि भोटबैंक मात्र हुन दिएनन । दोस्रो स्थानीय चुनाव (२०५४) मा जोगी पासवान देवडिहा गाविसमा उपाध्यक्ष बने । त्यस्तै, पञ्चायतकालमै केवल पासवान पनि उपप्रधानपञ्च भए । यद्धपि, वडाअध्यक्ष वा नगर प्रमुखका जिम्मेवारी भने पाउनसकेका छैनन् । तर, भोटका बेला मेयरदेखि माननीयसम्मको गिद्धे नजर अकौराका पासवान टोलमा हुन्छ । उनीहरुले पैसाको भेल नै चुनावमा बगाइदिन्छ रे ।

**बदलिँदो परिदृश्य**

प्रजातन्त्र पुनःस्थापनापछि वातावरण फेरियो । माओवादी जनयुद्ध, तराई मधेशमा सशस्त्र समूहको बिगबिगी, सिसीक्यामेरा जडान, मोबाइललगायतका सूचना प्रविधिको दिनानुदिन बढ्दो प्रयोग तथा तीव्र विकासले उनीहरुको धाक रवाफमा ह्रास आयो ।

सीमामा एसएसबी र सशस्त्र प्रहरी तैनाथ गरिएपछि इलम नै धरापमा प¥यो । अनि उनीहरु पनि विदेशलाई नै सुरक्षित आर्थिक लाभको गन्तव्य ठाने र लागे विदेश । कमाएर बनाए पक्की घर । ससाना खुद्रा व्यापारी बने, पसल थापे । अनि त ससाना व्यवधानबाहेक आरामदायी जिन्दगानी नै छ उनीहरुको । यद्यपि, कर्जाको बोझ, जीवन गुजार्न, हातमुख जोर्न, औषधीमूलो र बिहेवारीका लागि महाजनका मुख ताक्नुपर्ने स्थिति अझै कम भएको छैन । पति बिहानै घर फिर्ने महिलाको रात्रीकालीन चिन्ता सधैँका लागि दूर भएको छ ।

वस्तुतः अहिले जनजीवन समान्य छ । सामाजिक प्रतिष्ठा आर्जनमा ओर्लिएका छन् उनीहरु । तर, उनीहरुले राज्य र सरकारबाट त केही पाएनन् । न त पाए पुनर्बास न त पाए उल्लेख्य संख्यामा रोजगारी नै । एकाध व्यक्ति अमिन, प्रधानाध्यापक, स्वास्थ्यकर्मी, ओभरसियर र झण्डै ४, ५ जना असईदेखि लिएर प्रहरी जवान गरी ३५ जना प्रहरी सेवा, कतिपय व्यक्ति कोतवाली गर्दै आएका छन् । प्रहरी सेवामा हुनेहरुले त पहाडका चेली पनि बिहे गर्न थालेका छन् । लगभग १० जोडी पनि त्यस्ता होलान् । यिनैमध्येका जनस्वास्थ्य कार्यालयबाट अवकास पाएका नाति चाहिँ अमेरिकामा छन् ।

पुराना पहिलो पुस्ता छँदैछैन । दोस्रो पुस्ताका सरदार नै डकैतीबाट सुस्ताइसकेका छन् । तेस्रो पुस्ता नै चोरी, डकैतीबाट अलग भए । चौथो पुस्तासम्म आइपुग्दा त करिब-करिब सबैजसोले पुस्तैनी पेसा परित्याग गरिसकेका छन् । अब यस्तै एकाध जेलमा सजाय काटिरहेका छन् । फरार भई गाउँमै नदेखिएका फाट्फुट एकाध पुस्तैनी पेसामै रहेका हुन सक्छन् । प्रायः सबै खेतीपातीमा रमाइरहेका छन् । अकौराका पासवानको जीवनशैली, सामाजिक प्रतिष्ठा र आर्थिक अवस्थामा उल्लेख्य सुधार भएको छ ।

**र, अन्त्यमा**

यसरी सामाजिक, राजनीतिक वातावरणमा पासा पल्टिए पनि सांस्कृतिक अक्षुण्णता कायमै राखेका अष्टाबक्र र सूर्य पुजनका स्थलीका रुपमा परिचित अक्रपुर अर्थात् अकौरामा रहेका अकौरा ठाकुर महराज, अकौरा ठाकुर पञ्चसरोबरी पोखरी र सल्हेसको दर्शन पुजन गर्न जाउँ है अकौरा । यहाँ होम स्टे, कुञ्जा पासवानको स्मारक निर्माण तथा अध्ययन अनुसन्धानका लागि पहलकदमी, शिक्षा, रोजगारमा तीनै तहका सरकरले ध्यान दिनु जरुरी छ । तसर्थ, घुम्न जाऊ है देवडिहाका ठामठाम, अकौरागाम ।

०००० 

# सम्झनाहरू





● मेहीलाल यादव

हाम्रो प्यारो खयरमारा,
जय जय महादेव स्थान ।
सोमवार टुटेश्वरनाथ द्वारबाट प्रवेश,
जलढारी गरी गरौँ बनपत गेटबाट प्रस्थान ।

मलाई मन पर्छ मरहाको खयर घारी,
म खयरमारा र टुटेश्वरको आभारी ।
दस वर्षको छँदा पहिलो पटक हिँडेँ,
हजुरआमाको पछि लागि म यो घारी ।

बाह्र वर्षको उमेरमा पढाइ लेखाइका लागि,
पानीको अभाव भए पनि पुगेँ म त्यहाँ भागी ।
सूर्य शरको सौर्य र महेश शरको मुस्काउने बानी,
वीर बहादुर दाईले तिर्खाएको मुखमा हाल्थे पानी ।

'यात्री' कविता पढाउनु भयो सूर्य शरले बखानी,
'किशानको रहरू महेश शरले भनी कथा कहानी ।
म्याथका मण्डल शरका अभ्यास गर्थ्यौं भय मानी,
अरुले पागल भने पनि नरेन्द्र शर थिए विशेष ज्ञानी ।

खेतीपाती पशुपालन गर्दै गर्थ्यौँ हामी पढाइ लेखाइ,
न भोख, तिर्खाको परवाह, भिड्थयौँ नमारी थकाइ ।
हाम्रो परिश्रम गुरुहरूको सहयोग, आशीर्वाद, वरदान
र कृपाले हामी बन्यौँ राष्ट सेवक बनायौँ निजी पहिचान ।

हाम्रो जिज्ञासामा हेड शरले सुनाउनु भएको थियो,
विद्यालयको ईतिहासस् राजाका पुरोहित मध्येका थिए,
लक्ष्मी गौतम खास, उन्ले गुरु दक्षिणामा पाए खयरमारा ।
जङ्गल फडानी गराई उन्ले बसाले बस्ती लिए अभिभारा ।

उन्ले गरे विद्यालयको स्थापना उन्का सुपुत्र नारायण गौतम, थाले पठनपाठन बढाए स्तर । दौलत सिंह लामाले गरे उतम कार्य गरी जग्गादान, तर सप्रेनन् त्यस मनकारीका सन्तान । जनताको योगदानले स्तर बढोत्तरी जिल्लामा अव्वल स्थान ।

वन उपभोक्ता समितिले गर्यो विकास भौतिक पूर्वाधार,
स्थानीय हुन पायौँ ज्ञानी, गर्न पायौँ संसार साक्षातकार ।
भयो खयरमारा बासीको इच्छा, चाहना, सपना साकार ।
यहाँसम्म ल्याई पुर्याउने कर्मठ योद्धा हेडशरप्रति आभार ।

आज गरे म विद्यायमा प्रवेश धेरै थोक देखेँ देखिन नाम ।
स्वर्ण जयन्ती स्मारकमा पाइन हेडशरको कतै गुण गान ।
रातो रङ्ग खुइलिएर गएछ पढ्न कठीन योगदानीको नाम ।
श्री लक्ष्मी, नाररायण, दौलत सिंह लामाको कीर्ति सुकाम ।

# तिमी हत्यारा हौ



● रमा सुवेदी

*तिमी हत्यारा हौ*
*मैरो जीविकाको*
*मेरो गाँस, बास*
*अनि कपासको ।*

*हो, तिमी हत्यारा हौ*
*मेरो आत्मविश्वासको*
*मेरो मनोबल, आकांक्षा*
*अनि केही गरेर देखाउने*
*महत्वाकांक्षाको ।*

*तिमी हत्यारा हौ*
*मेरो जिजिविषाको*
*तिमी भक्षक हौ*
*मेरा रहर अनि आशाहरुको,*
*मेरा सपनाको उडानको ।*

*खोस्न त तिमीले*
*मेरो जागिर खोस्यौ ।*
*तर जागिरसँगै मैले के के*
*गुमाए थाहा छ तिमीलाई रु*

*जागिरसँगै मेरो दैनिकी खोसियो*
*मेरो गन्तव्य, बेफुर्सद,*
*जिन्दगीको सन्तुलन सबै खोसियो ।*

*यत्ति गुमाएर म दुःखी भए*
*भन्ने तिमी सोच्दैछौ रु*
*अहँ मैले अरु पनि*
*धेरै गुमाएको छु ।*

*तिमीलाई थाहा छ रु*
*म एक्लै काफी छुँ भन्न सक्ने साहस*
*त्यो पनि तिमीले मारिदिएका छौ ।*
*खोसेका छौ कसैले केही नगरे पनि*
*म गर्न सक्छु नि भन्ने*
*मेरो आँट अनि हिम्मत ।*

*काटिदियौ स्वावलम्बनतर्फ*
*लम्किँदै गरेका मेरा पाइला ।*
*निर्भरतामा बाँधिदियौ*
*तिमीले आत्मनिर्भर बन्न*
*सल्बलाइरहेका मेरा हातहरु ।*

*देखेको त छौ होला नि*
*तिमीले पखेटा काटिएको चरा,*
*पानीविनाको माछा रु*
*अहिले म ठ्याक्कै त्यस्तै भएको छु ।*

*तिमीले मेरो जागिर होइन*
*मेरो पखेटा काटेका हौ ।*
*भर्खरै आत्मनिर्भर बनेको मलाई*
*तिमीले फेरि परनिर्भर बनाइदियौ ।*
*हो तिमी हत्यारा हौ मेरो*
*आत्मनिर्भरताको ।*
*हो तिमी हत्यारा हौ ।*

०००० 

# साउनको महत्त्व



फेसनको बढ्दो होडबाजी, हरियो चुरा, हरियो कपडा, यो हाम्रो संस्कृति भन्दा फेसन बनिरहेको छ ।' यस्ता देखासिकीको होडबाजीमा सकारात्मक भन्दा पनि नकारात्मक सन्देश प्रवाह भइरहेको छ समाजमा । रहरले धनी र गरिब देख्दैन । रहर त आखिर रहर नै हो । त्यसैले सरल र सहज नै बन्ने बानी बसालौँ भन्ने उनको भनाइ छ । अनिवार्य हरियो यो हाम्रो संस्कृति न थियो न हो ।



• ज्योति झा

वर्षमा १२ महिना हुन्छन् । हिन्दू धर्ममा हरेक महिनाको बेग्लै विशेषता छ । १२ महिनामध्ये सबभन्दा खास महिना साउन महिनालाई बुझिन्छ । यो महिनाको छुट्टै विशेषता र महत्व छ । यो महिनामा प्रकृति हरियो रङ्गले सजिएको र मनमोहक देखिन्छ । यस महिनालाई धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । साउन महिना देवादिदेव महादेवको प्रिय महिनाका रूपमा लिइन्छ । साउन आउनेबित्तिकै प्रकृतिमा जोश, जाँगर, श्वास आएको जस्तो देखिन्छ । यस महिनामा वर्षा हुन्छ र वर्षामा थरिथरीका जीवजन्तु बाहिर आउँछन् । हरेक जीवजन्तुको आफ्नो बेग्लै परिचय र ध्वनि हुन्छ । यो महिनाको वातावारण यस्तो लाग्छ मानौँ घरमा सानो बच्चा छ, जो कहिले रुन्छ त कहिले हास्छ । कसैले वर्षौंको मौनता तोडेको जस्तो । हाम्रो धार्मिकग्रन्थले भन्छ कि साउनमा भगवान शिवको पूजा आराधना र जलाभिषेक गर्नाले हरेक प्रकारको मनोकामना पूरा हुन्छ । यो महिना खास गरेर महिलाका लागि वरदान हो । जब वरपरको प्रकृतिमा हरियाली हुन्छ अनि मनमा खुशियाली स्वाभाविक नै हो । परापूर्वकालदेखि नै साउने सोमबारका दिन व्रत बस्ने, चोखो खाने, महादेवको ध्यान गर्ने, मेहेन्दी लगाउने चलन थियो । तर, बदलिँदो युगसँगै फेसनको दौरमा अहिले त बच्चादेखि वृद्धसम्म साउनभर हरियो, पहेँलो तथा रातो रंगको पहिरन, चुरा, पोते, नेलपोलिस, मेहेन्दी लगाउने चलन बढेको छ । हुन त यसलाई हेर्ने–सोच्ने सबैको आआफ्नो दृष्टिकोण छ । कसैले हरियो चुरा, वस्त्र, मेहेन्दीलाई हिन्दूधर्मावलम्बी महिलाले आफ्नो धर्म र परम्परालाई निरन्तरता दिइरहेको बताउँछन् भने केहीका अनुसार यो देखावटी हो । जसले हाम्रो परम्परा र संस्कार बिगार्ने काम भइरहेको छ र गुम्ने खतरा छ । यसै सन्दर्भमा महोत्तरी, पर्कौलीकी मीरा पाठक भन्छिन्, 'मेहेन्दी लगाउने त परापूर्वकालदेखि नै चलनमा थियो ।

पहिला हामी मेहेन्दी बोटको पात तोडेर सिलौटामा पिसेर लगाउँथ्यौँ तर अहिले बजारमा सहजरूपमा मेहेन्दीको कुपी पाइन्छ । हेर्दा जति सजिलो खतरनाक फेरि त्यतिकै हुन्छ । त्यो कुपी मेहेन्दीमा केमिकल हुन्छ, जसले क्यान्सर मात्र नभइ हातमा दाग पनि बसाउँछ । तर आधुनिकता हो मानिसलाई सहजता र क्षणिकमा बढी नै रुची हुन्छ । दीर्घकालीन सोच्दैनन् । अहिले मेहेन्दी लगाउनु मात्र फेसन हो तर हाम्रो समयमा मेहेन्दी लगाउनुमा आफ्नो अलग्गै विशेषता थियो । जेठमा मेहेन्दी लगाउँदा ठूलो दाईको आयुमा वृद्धि हुन्छ भन्ने थियो ।

असारमा लगाउँदा आशा मनोरथ पूरा हुन्छ भन्ने थियो ।' उसो त साउनमा मेहेन्दी लगाउँदा श्रीमानको आयु बढोत्तरी हुन्छ भने भदौमा भाइको लागि लगाइन्छ भन्ने विश्वास र श्रद्धा छ । उनले अगाडि भनिन्, 'साउन महिना महादेवको प्रिय महिना हो । यस महिनामै भोलाले विष पिएका थिए । विष खाएपछि घाँटीमा पोल्छ र त्यही जलनलाई पानीले शान्त गर्छ । त्यही भएर यो महिनामा महादेवलाई जलाभिषेक गरिन्छ । यसो गर्नाले जीवनमा शान्ति र मनोकामना पूरा हुन्छ भन्ने विश्वास छ । यही महिनामा भगवान रामले पनि काँवर लिएर जलाभिषेक गरेका थिए, भगवान शिव शंकरलाई साउन महिनामा ब्राह्मण, कायस्थ, सोनार, भूमिहार जातिको मधुसाउनी हुन्छ । बिहे भएको पहिलो साउनमा नवविवाहिता दुलहीले मधुसाउनी पुज्छन् । ससुरालीबाट नवदुलहीको लागि हरियो सारी, चुरी, मेहेन्दी, श्रृंगारका सबै सामान आउँछन् । र, हरियो सारी लगाएर फूल टिप्न नव दुलही जान्छिन् । तर अहिले त देखावटी बढेको छ ।'त्यस्तै, जनकपुरकी लुमिनस् ब्युटीपार्लरकी सञ्चालिका गीता पौडेल भन्छिन्, 'साउन महिनाको सुरुवातसँगै हामी हाम्रो संस्कृति र संस्कार निभाउने र रिझाउने जस्तै मधुसाउनी, सोमबारको व्रत एक महिना तामसी भोजन त्यागेर विशुद्ध सात्विक जीवनशैली बाच्छौँ । तर आजको प्रगतिशील होडबाजीको हाम्रो यो सामाजिक सञ्जालमै आधारित हुँदै गएको समाज आफ्नो क्षमता भन्दा पनि देखासिकीमा अगाडि बढ्दैछ ।



फेसनको बढ्दो होडबाजी, हरियो चुरा, हरियो कपडा, यो हाम्रो संस्कृति भन्दा फेसन बनिरहेको छ ।' यस्ता देखासिकीको होडबाजीमा सकारात्मक भन्दा पनि नकारात्मक सन्देश प्रवाह भइरहेको छ समाजमा । रहरले धनी र गरिब देख्दैन । रहर त आखिर रहर नै हो । त्यसैले सरल र सहज नै बन्ने बानी बसालौँ भन्ने उनको भनाइ छ । अनिवार्य हरियो यो हाम्रो संस्कृति न थियो न हो ।

यो त हुनेखानेका लागि फेसन गर्ने र रमाउने बहाना मात्रै हो । तर हरियो चुरा–व्रतको दिन सुहागन महिलाले दान दिनुचाहिँ पौराणिक कहावत छ । त्यस्तै, नेतृ विभा ठाकुर भन्छिन्, 'साउन महिना वर्षातको महिना भएकाले चारैतिर हरियाली फैलिएको हुन्छ र प्रकृतिसँगै महिलाको श्रृंगार पनि बदलिन्छ ।' हरियो रङ्गको विशेषताबारे बोल्दै ठाकुरले भनिन्, 'प्राकृतिक चिकित्सामा यस रंगलाई विशेष महत्व दिइएको पाइन्छ । उच्च रक्तचाप, हृदयसम्बन्धी रोगलगायतमा हरियो रंग महत्वपूर्ण मानिएकाले पनि महिलाले हरियो रंग धारण गर्ने गरेको पाइन्छ ।'अभियानी रुबी झा भन्छिन्, 'साउन महिना वर्षाको महिना हो । यस महिनामा बाढी आउँछ, डुबान हुन्छ । समथर जमिनमा धेरै दिनसम्म पानी जम्छ । मानिसको शरीर पूर्ण फुर्तिलो नभएर कमजोर हुन्छ ।

यो बेला हाम्रो पाचनप्रणालीले पूर्णरूपले काम गर्दैन । त्यही भएर माछामासु साउन महिनामा खानु हुन्न पचाउन गर्हो हुन्छ ।' त्यस्तै पत्रकार प्रतिभा झा भन्छिन्, 'महिला, युवती साउनमा चुरा र वस्त्र सबैथोक हरियो लगाउँछन् । यसलाई (सुहागको) सौभाग्यको निशानी बुझिन्छ । हरियो भन्दा पनि विशेष त के मान्यता छ भने पूरा वातावरण नै हरियो हुन्छ, पानी पर्छ । मरेको सुखाएको घाँस, बन्जर जमीन पनि हाँस्न थाल्छ । बोटबिरुवा, फलफूलमा पनि बेग्लै चमक हुन्छ । एउटा अलगै उमङ्ग हुन्छ ।' उनले भनिन्, 'अन्नको सुरुवाती बीज (बिया) रोपनी असार साउनमा गरिन्छ । यो धार्मिक मान्यता भन्दा पनि उत्सवस्वरूप हरियो धारण गरिन्छ । वातावरणमा नयाँ उमङ्ग आएकामा उत्सव मनाइन्छ । झाले गुन्गुनाउँदै भनिन्, 'सखि है सावनके बुँद झिसी पियासँग खेलब पचिसी ना.....।' यसलाई रोमान्टिक महिना पनि भनिन्छ । तर अहिलेको युवापिँढीलाई यसको मान्यता के हो ? अर्थ के छ ? किन साउनमा हरियो लगाइन्छ भन्नेबारे केही थाहा छैन । स्कुल पढ्नेदेखि कलेजका केटाकेटीले फेसनस्वरूप यसलाई अपनाएका छन् । महिनाअनुसार मिथिलामा धेरै थोक छन् । जस्तै कुन महिनामा कुन रङ्गको बस्त्र चुरा लगाउने अथवा कुन महिनामा के खाने के न खाने ? माघ महिनामा लाल चुरा, फागुनमा पहेँलो लगाउने मान्यता छ । जेठमा भेन्टा खानु हुँदैन भने साउनमा साग खानु हुँदैन । हिजोआज हरियो चुरा, हरियो रंगका कपडा तथा मेहेन्दीको व्यापार बढेको छ ।

जनकपुरको जनक चोक, भानु चोक, पिडारी चोक, पेठिया बजार, जानकी मन्दिर, शिव चोक आसपासका पसलमा हरियो चुरा र मेहेन्दी लगाउने युवतीको भीड लाग्ने गर्दछ । र, यसरी पसलमा भीड लाग्नुको मुख्य कारण अरूको सिको गर्नु हो । धर्मकर्ममा विश्वास भन्दा पनि फेसनकै आधारमा युवती पछि लागेकाले पनि यसको व्यापार बढेको देखिन्छ । जनकपुरको जनकचोकमा विगत १५ वर्षदेखि चुरा, लहठीको व्यसाय गर्दै आएकी मुन्नी भन्छिन्, 'एकदिन कहिलेकाहिँ ४ देखि ५ हजार रुपैयाँसम्मको पनि चुरा लहठी बेच्छु । अन्य महिनाको तुलनामा साउनमा हरियो, पहेँलो, रातो चुरा किन्न ग्राहक बढी आउँछन् । ५ वर्षको बच्चादेखि ६५ वर्षको वृद्धा पनि हुन्छन् । यो महिना हाम्रो व्यापारको लागि त वरदान नै हो ।'तस्बिरः मीरा पाठक, गीता पौडेल, विभा ठाकुर, रुबी झा, प्रतिभा झा, मुन्नीको तस्बिर राख्ने ।

# स्वरुप फेर्दै रामस्वरुप रामसागर बहुमुखी क्याम्पस



● सुरेश यादव

– *स्थापनाः वि.सं. २०१४ साल*
– *कर्मचारीको दरबन्दी संख्याः १३५*
– *उपलब्ध कर्मचारीः५१*
– *प्राध्यापकको दरबन्दीः २३३*
– *उपलब्ध प्राध्यापकः ८१*
– *अध्ययनरत विद्यार्थी संख्याः १०,०००*
– *कलेजले ओगटेको क्षेत्रफलः १० बिघा*
– *कलेजको अन्य जग्गाः ८२ बिघा १४ कठ्ठा*

गुगलसँग नेपालको सबैभन्दा पुरानो विश्वविद्यालयको नाम सोध्नुभयो भने त्रिभुवन विश्वविद्यालयको नाम आउँछ । यहाँ त्रिभुवन विश्वविद्यालय भन्दा पनि पुरानो कलेजबारे चर्चा गर्न गइरहेका छौँ । त्यो हो राराब अर्थात् रामस्वरुप रामसागर बहुमुखी क्याम्पस ।

वि.सं. २०१४ सालमा स्थापना भएको रामस्वरुप रामसागर बहुमुखी क्याम्पस आजभन्दा १८ वर्ष अगाडिसम्म देशभरमै प्रतिष्ठित कलेजको रुपमा परिचित थियो । यस कलेजमा स्नातकसम्म अध्ययन अध्यापन हुन्थ्यो । राराब उत्तीर्ण भएपछि स्नातकोत्तर गर्न त्रिभुवन विश्वविद्यालयको केन्द्रीय इकाइ कीर्तिपुर जाने विद्यार्थीलाई मुलुकका अन्य कलेजबाट आउने विद्यार्थीले सम्मान भावले हेर्थे ।

अत्यन्तै व्यवस्थित शिक्षण विधि, परीक्षा प्रणाली र गुणस्तरीय अध्ययन अध्यापन हुने कलेजका रुपमा राराबको पहिचान थियो त्यसबेलासम्म । मधेश आन्दोलन सुरु भएयता परीक्षा खुकुलो हुनपुग्यो । जसको परिणाम विद्यार्थीमा नपढे पनि पास गर्न सकिने सोच निर्माण हुन थाल्यो । विस्तारै कलेजको साख खस्किँदै पहिचान नै धुमिल हुन पुगेको पूर्व प्राध्यापक बताउँछन् । एक प्राध्यापकका अनुसार, अहिले त राराबको कापी जाँच गर्ने परीक्षकले पनि त्यहाँ (राराब) का विद्यार्थीले पक्कै चोरी गरेर लेखेको हुनुपर्छ भन्ने माइन्डसेट गरी मार्किङ गर्छन् रे ।

मधेश आन्दोलनकै बीच २०६५ सालमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन भयो । सिंगो मधेशमा आन्दोलनको प्रभाव रहेको बेला स्ववियुको कार्यकालमा खासै केही हुन सकेन । त्यसयता लामो समयसम्म स्ववियु निर्वाचन नै हुनसकेको थिएन । गत चैतमा देशैभर भएको स्ववियु निर्वाचनको क्रममा राराबले नेपाल विद्यार्थी (नेवि) संघका मनिष यादवलाई सभापतिको रुपमा पायो । एमएससी अध्ययनरत मनिष नेतृत्वको स्ववियुले देखाएको जाँगर र विद्यार्थीको साथले लामो समयपछि रामस्वरुप रामसागर बहुमुखी क्याम्पसको स्वरुप फेरिन थालेको छ ।

स्ववियु निर्वाचनको चार महिनामै कलेजको दृश्य फेरिएको छ, फेरिँदै छ । पुराना र जीर्ण भवनको झ्याल ढोका मर्मत गरिदैछ । नयाँ प्रशासनिक भवन ठडिँदैछ । मन्दिर, बगैँचा सिँगारिदैछ । पार्किङमा माटो सम्याउने काम हुँदैछ र पुस्तकालयको व्यवस्थापन गरिँदैछ । कलेज सुधारका लागि अनेकौँ क्रियाकलाप भइरहेको छ ।

चार महिनाअगाडि कलेज पुगेका जोकोही अहिले फर्केर आउँदा विश्वासै नलाग्ने गरी परिवर्तन भएको र भइरहेको बताउँछन् राराब क्याम्पसमा अध्ययनरत रमण सिंह । राजनीति शास्त्रमा स्नातकोत्तर अध्ययनरत सिंह भन्छन्, 'राराबको पुरानो स्वरुप फेरि पनि फर्केर आउला भनेर मैले कल्पनै गर्न छोडिसकेको थिएँ । करिब पाँच महिनापछि कलेजमा आज आउँदा विश्वासै नलाग्ने गरी परिवर्तन भइरहेको देखेँ । अब लाग्छ फेरि त्यो राराब होइन अझ सुदृढ कलेजको रुपमा पुनस्थापित हुनेमा आशावादी भएको छु ।'

सिंहसँगै राराबमा अध्ययनरत मधेश प्रदेश मिडिया काउन्सिलकी सदस्यसमेत रहेकी रिंकु मिश्रले पनि पछिल्लो तीन–चार महिनादेखि कलेजको दृश्य दिनदिनै सुधार हुँदै गइरहेको बताइन् । 'नाक थुनेर जानुपर्ने शौचालय अहिले सफा र व्यवस्थित भएको छ । तिर्खा लागे बाहिर निस्केर पसलबाट पानी किनेर खानुपर्ने बाध्यतालाई विस्थापन गरी कलेज परिसरमै दुई ठाउँमा खानेपानी प्रशोधन मेसिन जडान गरिएको छ । कलेजमा सुधार सुरु भएको यो सुरुवाती इन्डिकेटर हो,' मिश्रले भनिन् ।

**के गर्दैछ स्ववियुले ?**

२०७९ चैत ५ गते स्ववियु निर्वाचन भयो । भोलिपल्टै निर्वाचनको परिणाम पनि आयो । निर्वाचित पदाधिकारीलाई लगत्तै पद तथा गोपनीयताको शपथ ग्रहण कार्यक्रम तय गरियो । तर, नवनिर्वाचित सभापति मनिष यादवले तुरुन्तै पद तथा गोपनीयताको शपथ ग्रहण गर्न तयार भएनन् ।

छ वर्षअगाडि राराबमा पढ्न आएका उनले कलेजभित्र देखिरहेको व्यथितिले वाक्कदिक्क भएका थिए । आफू त्यही कलेजको स्ववियु सभापति निर्वाचित भएपछि ती सबै बेथिति हटाउनुपर्ने संकल्प उनले निर्वाचित भएकै दिन लिए । र, कम्तीमा कलेजमा परिवर्तनको सुरुवात भएको सन्देश जानेगरी कम्तीमा एउटा काम सम्पन्न गरिसकेपछि मात्रै पदभार सम्हाल्ने निर्णय लिए । टिममा छलफल गरेपछि मनिष नेतृत्वको स्ववियु एकाइ कमिटीले माकुरो जालोले छोपेको पुस्तकालय सफाई गरी विद्यार्थीले बसेर पढ्न सक्ने बनाए । त्यसपछि मात्रै पद तथा गोपनीयताको शपथ ग्रहण गरी पदभार सम्हालेको उनी बताउँछन् ।

बिहीबार बिहान म राराब कलेज परिसरमा पुग्दा १९ वर्ष पुरानो झल्को याद आयो । २०६१ सालमा आइए पढ्न त्यहाँ पुगेको थिएँ । बिहानैदेखि कलेजमा चहलपहल हुन्थ्यो । कक्षाकोठाहरु भरिभराउ हुन्थ्यो । प्राध्यापक कोही प्राध्यापन कार्यमा व्यस्त कोही एक कक्षाबाट अर्को कक्षामा कोही कार्यालयतर्फ त कोही कार्यालयबाट कक्षाकोठा तर्फ गइरहेको देखिन्थ्यो ।

'अत्यन्तै शालीन र मर्यादित त्यो कलेज फेरि फर्किएकै हो त ?'

म आफैँले आफैसँग प्रश्न गरेँ । साइन्स ग्यालरी अगाडि उभिइरहेका एक जना प्राध्यापकलाई भनेँ, 'पुरानै स्वरुपमा फर्किदैछ राराब' उनले मसँग प्रतिप्रश्न गरे, 'हो र, तपाईंलाई पनि त्यस्तो लाग्दैछ ?'




## परम्परागत शिक्षामा अड्केर हुँदैन



***प्रदिप कुमार प्रसाद***
***क्याम्पस प्रमुख***
*राराब क्याम्पस*

रामस्वरुप रामसागर बहुमुखी क्याम्पस परम्परागत शिक्षा सम्बन्धी कोर्षहरुमा अल्झिरहेको अवस्थामा म क्याम्पस प्रमुख भएर आएपछि टेक्निकल कोर्ष ल्याउन सबैभन्दा बढी ध्यान केन्द्रित गरेको छु । क्याम्पस प्रमुख भएको एक महिनाभित्र मैले पाएको सफलता राराबमा बिबिए सञ्चालन हो । गत वर्षदेखि बिआइटी र बिएड आइसिटी पनि सञ्चालनमा आइसक्यो । त्यसयता पनि निरन्तर रुपमा नयाँ नयाँ कोर्ष ल्याउन पहल गरिरहेको छु ।

राराबमा प्राविधिक विषयहरु पढाउन थालेपछि विद्यार्थीको ओइरो सुरु भएको छ । म यो कलेजमा जागिर सुरु गरेको पनि ३२ वर्ष भइसक्यो । अहिलेसम्मकै इतिहासमा पहिलो पटक कलेजमा १० हजार विद्यार्थी भर्ना छन् । नियमित रुपमा कक्षा सञ्चालन गर्ने र नयाँ पुस्ताले रुचाउने विषयहरु उपलब्ध भएपछि कलेजमा विद्यार्थीको आकर्ष बढेको मलाई लाग्छ ।

यी बाहेक कलेजको पूर्वाधार विकासमा पनि राम्रो काम भइरहेको छ । लालबाबु राउत नेतृत्वको प्रदेश सरकार र लालकिशोर साह नेतृत्वको जनकपुरधाम उपमहानगरपालिकाले राराबको भौतिक संरचना थप्न राम्रो सहयोग गरेको थियो । वर्तमान सरकारले पनि पुराना र जीर्ण भवनहरु विस्थापनमा सहयोग गर्ने आशा लिएको छु । पूर्व मेयर यसै कलेजका पूर्व स्ववियु सभापति भएको नाताले पनि कलेजलाई नजिकबाट सहयोग गर्नुभएको थियो । वर्तमान मेयरसँग पनि सहयोग निरन्तर गर्नुहुने आशा छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत साइन्स एण्ड टेक्नोलोजीका डिन विनिल अर्याल यसै कलेजका पूर्व विद्यार्थी भएको नाताले यहाँ प्राविधिक शिक्षा सम्बन्धी नयाँ कोर्षहरु ल्याउन सहयोग गरेका छन् । अब तत्काल थप्नुपर्ने भनेको ईलाइब्रेरी, होस्टल र इन्डोर गेमका लागि कबर्डहल आवश्यक छ । यसका लागि प्रदेश सरकार र उपमहानगरपालिकाको सहयोग अपेक्षा गरेका छौँ ।

राराब त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस हो । अहिले त्रिभुवन विश्वविद्यालयकै अवस्था दयनीय रहेको अवस्थामा आंगिक क्याम्पसलाई हेर्ने सवाल नै आउँदैन । त्रिभुवन विश्वविद्यालयको सेवा आयोगका अध्यक्ष लालु पौडेलले सेवाबाट अवकाश पाएको एक वर्ष बितिसक्दा पनि उक्त पद रिक्त छ । आयोग पुर्ण नभएसम्म कलेजलाई आवश्यक कर्मचारी र शिक्षक पुर्ति नहुने अवस्थाले राराबको सबै कार्यक्रम प्रभावित भइरहेको छ ।






**सभापतिको भूमिका**

स्ववियु सभापति मनिष यादव बिहान कलेज खुल्ने समयमै आइपुग्छन् । विद्यार्थीभन्दा पहिला प्रध्यापक, सहप्रध्यापकसँग उनको भेट हुन्छ । प्राध्यापक कक्षमा पुगेर उनले को को सर आए÷नआएको नियाल्छन् । नदेखिने सरलाई फोन गरी सोध्छन्, 'सर आज तपाईं बिदामा हो ?'

विद्यार्थीहरुमा कोही पोशाकमा छैन भने कलेजको अनुशासन सम्झाउँदै भोलिदेखि अनिवार्य रुपमा कलेजको पोशाक लगाएर आउन अनुरोध गर्छन् । ढिलो आउने र अघिल्लो दिन गयल हुने विद्यार्थीको पनि निगरानी गर्छन् । विद्यार्थीले सुनाउने हरेक गुनासो टिपोट गर्छन् र सम्बन्धित शिक्षक, कर्मचारी तथा क्याम्पस प्रमुख समक्ष पुगेर सम्बोधन गराउन पहल गर्छन् । करिब दुईघण्टासम्म उनको पछिपछि साक्षीभावले घुमेर हेर्दा मैले अनुभूति गरेँ, अहिले पनि जवाफदेही र कर्तव्यनिष्ठ युवा छन् । अग्रज नेताले भने जस्तो नयाँ पुस्ता खत्तमै त होइन रहेछ ।

**के के पढाइ हुन्छ राराबमा ?**

रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा बिए, एमए, बिएड, एमएड, बिबिएस, बिबिए, एमबिएस, बिएस्सी सिएसआइटी, बिएस्सी माइक्रोबायोलोजी, बिएस्सी जेनरल र बिआइटीसम्बन्धी कोर्सको पढाइ भइरहेको छ ।

एमबिए, कानुन, एमएड (हेल्थ) र बिबिएको लागि कोटा थप्ने तयारी भइरहेको छ । अहिले ६६ जना विद्यार्थी पढाउन बिबिएका लागि स्वीकृति छ भने थप ३३ जना विद्यार्थीको लागि कोटा प्राप्त गर्ने प्रक्रिया पूरा भइसकेको छ । यसबाहेक कृषिसम्बन्धी अध्यापनका लागि पनि पहल गरिरहेको उनले जानकारी दिए ।

**पूर्वाधारमा लगानी**

रामस्वरुप रामसागर बहुमुखी क्याम्पसले उत्पादन गरेको जनशक्ति राज्यको करिब सबै अंगमा पुगेका छन् । राजनीतिक क्षेत्रमा पनि यस क्याम्पसबाट तयार भएको नेतृत्वको उल्लेख्य उपस्थिति छ । उनीहरुसँगको समन्वयमा क्याम्पसको स्वरुप फेर्नेगरी दुई वर्षे योजना बनाएर काम गरिरहेको मनिषले जानकारी दिए ।

उनका अनुसार, अहिले क्याम्पसको नयाँ दुईतले प्रशासनिक भवन निर्माण कार्यको अन्तिम चरणमा पुगेको छ । पुरानो तर भरपर्दो देखिएका भवनको जिर्णोद्धार गरिरहेको र भर नरहेका भवनलाई विस्थापन गर्ने योजना छ । साइन्स ग्यालरीलाई व्यवस्थापन गर्दै सोही परिसरमा आइटीसम्बन्धी कक्षा सञ्चालन गरिएको छ भने व्यवस्थित शौचालय र प्रशोधन मेसिनसहितको खानेपानी आपूर्ति गरिएको छ ।

कलेज परिसरमा एकवर्ष अगावै निर्माण गरिएको डिलक्स ट्वाइलेट सञ्चालनको लागि व्यवस्थापन पक्षले पहल गरेको छ । जनकपुरधाम उपमहानगरपालिकाले निर्माण गरिदिएको डिलक्स सौचालय भौतिकरुपमा तयार भए पनि निर्माण कम्पनीले कागजी प्रक्रिया पूरा नगर्दा प्रयोगहीन अवस्थामा रहेको छ । शौचालय सञ्चालनको पहल र अन्य तीनवटा शौचालयलाई जीर्णोद्धार गरी सञ्चालनमा ल्याइएको छ ।

विद्यार्थीका लागि साइकल, मोटरसाइकल स्ट्यान्ड निर्माण हुँदैछ । पुस्तकालयको पछाडिमा पोखरी निर्माण गरिँदैछ । पोखरीको डिलमा प्रतिक्षालय र पढ्ने संस्कृतिको उत्थान गर्ने उद्देश्यले सुविधासम्पन्न व्यवस्था गर्न लागेको मनिषले जानकारी दिए । १० बिघा क्षेत्रफलमा फैलिएको कलेजको सबै भागलाई वनस्पतिले सजाउने योजना अगाडि बढाइएको छ ।

**छात्राबास सञ्चालन तयारी**

जनकपुरकै सबैभन्दा पुरानो राराब क्याम्पसको छात्राबास करिब २० वर्षदेखि प्रयोगहीन अवस्थामा छ । लामो समयदेखि खाली रहेको भवन पूरै जीर्ण भइसकेको छ । अब त्यो भवन भत्काएर नयाँ ठड्याउन भौतिक पूर्वाधार विकास मन्त्रालयसँग बजेट माग गरेको छ भने सामाजिक विकास मन्त्रालयले अघिल्लो आर्थिक वर्षमा निर्माण सुरु गरेको अर्को भवन तयार गरी केही महिनाभित्रै छात्राबास सञ्चालनको लागि पहल गरिरहेको मनिषले बताए ।

'देशकै पुरानो विश्वविद्यालयको आंगिक क्याम्पस हो राराब । यसको गरिमा पहिले पनि देशभर चर्चामा थियो । फेरि पनि हुनेछ भन्ने मेरो विश्वास हो,' उनले मधेशदृष्टिसँग भने, 'कलेजको प्राङ्गन लिपपोत गरेर मात्रै पनि हुँदैन भनेर हामीले चौतर्फी परिवर्तनको खाका बनाएर काम गरिरहेका छौँ । अबको डेढ–दुई वर्षभित्र सबै सम्भव छ ।' हुनेखाने परिवारका छोराछोरीलाई देश र विदेशमा धेरै विकल्प खुल्ला रहे पनि गरिब र जेहेनदार विद्यार्थीका लागि राराब जस्तो कलेजले छात्राबासको व्यवस्था गर्नैपर्ने आवश्यकता रहेको उल्लेख गर्दै उनले निश्चित मापदण्ड निर्धारण गरी अबको केही महिनाभित्र यो छात्राबास सञ्चालनमा आउने विश्वास व्यक्त गरे ।

०००

**वैभव संयोजकः सुरेश यादव**

# खडेरीको गम्भीर चपेटामा मधेश प्रदेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा यसपटक देखा परेको सुख्खाको अभूतपूर्व समस्याबारे मधेश प्रदेशका शीर्षस्थ पदाधिकारीहरुबीच शुक्रबार गम्भीर छलफल भएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशका प्रमुख जिल्ला अधिकारीहरु एवम सिंचाई, खानेपानी, कृषि मन्त्रालयका वरिष्ठ पदाधिकारीहरुसँग प्रदेशको खडेरी एवम् पिउने पानीको समस्या र त्यसको समाधानबारे जानकारी लिए ।
मधेश प्रदेश सरकारको गृह, संचार तथा कानून मन्त्रालयद्वारा शुक्रबार आयोजित सुख्खा क्षेत्रको समस्या सम्बन्धी छलफलमा प्रदेशका प्रमुख जिल्ला अधिकारीहरुले यस पटक ५० प्रतिशतभन्दा बढी रोपाई हुन नसकेको, भएपनि वर्षाको अभावमा रोपेको धानवाली मर्न लागेकोले केन्द्रसँग समन्वय गरी अविलम्व अघि बढ्न प्रदेश सरकारलाई सुझाव दिए ।
प्रमुख जिल्ला अधिकारीहरुले चुरे संरक्षण, नहरहरुको निर्माण, पुरिएका पुराना पोखरीहरुको उत्खनन, पानी रिचार्जको नयाँ प्रविधि र प्याकेजहरु तयार पार्न जरुरी रहेको साथै अब हिउँदेबालीको लागि जोड दिनुपर्ने सुझाव समेत दिए ।
प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआइजी) जनक भट्टराईले यसबेला संधै विपत आउने भएको हुँदा त्यसको लागि तयारी गरेर बस्यौं तर, यसपटक सुख्खा र पिउने पानीको समस्या आइपर्यो भन्नुभयो । यसलाई निराकरण गर्न गम्भीर भएनौ भने भयावह समस्या आउनसक्छ भट्टराईले चिन्ता व्यक्त गरे । आप्mनो उत्पादन पनि केही नहुने र जनताले खान पनि पाएन भने भयावह अवस्था आउन सक्छ, यसको लागि आवश्यक कदम चालिनुपर्ने उनले बताए ।
उर्जा, सिचाई तथा खानेपानी मन्त्रालयका निमित्त सचिव अरुणलाल कर्णले सरदर २५ देखि ३० प्रतिशत ट्युवेल सुकेको अवस्था छ, यसको निराकरणका लागि दीर्घकालीन तथा अल्पकालीन उपायहरुबारे प्रकाश पारे ।
पानी नै परेन् भने रिचार्ज हुने अवस्था कठिन हुन्छ, तर ग्राउण्ड वाटर बिलकुलै सुकिसकेको अवस्था भने छैन् । खानेपानीको लागि पौन इन्चको पाइप राखेर मोटर जोडे हुन्छ, उनले जानकारी गराए ।
उर्जा, सिचाई तथा खानेपानी मन्त्री सिंहासन सा कलवारले सुनकोशी कमला मरिन डाइभर्सन परियोजनाबारे चर्चा गर्नुहुँदै यो एउटा राम्रो विकल्प हुनसक्छ भने । त्यसतर्फ लागेमा रिचार्ज पनि हुने र खानेपानीको समस्या समेत समाधान हुने विश्वास उनले व्यक्त गरे ।
सिचाई र खानेपानीको लागि आफूहरु हरसम्भव प्रयासमा लागेको जानकारी पनि उनले दिए । भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द न्यौपानेले यो संकट अवसर र चुनौती दुवै हो चर्चा गर्नुहुँदै अझ पनि १०÷१५ दिन समय छ । पानी पर्यो भने मज्जाले हल निस्किन्छ भने । उहाँले सुख्खामा के वाली लगाउने, वैकल्पिक खेतीलाई कसरी लिएर जाने हो । दोश्रो तेश्रो वालीको लागि समेत अब तयार रहनुपर्ने आवश्यक्तामा जोड दिए ।
गृह, संचार तथा कानूनमन्त्री मोहमद समीमले सप्तरीदेखि पर्सासम्म एकैनासको समस्या भएको र यहाँ प्रस्तुत तथ्यांकभन्दा पनि खडेरीको समस्या गम्भीर रहेको बताए । पानी नपरेर, सिचाई नहुँदा मैले आफ्नो खेत समेत रोप्न पाएको छैन् उनले भने । मालपोत मिनाहादेखि फूड बैंक स्थापना, भोकमरीको समस्यासँग जुध्न उपायहरुबारे समेत चर्चा गरिएको सो अवसरमा मुख्यमन्त्री यादवले यसपटक नभएको समस्या आयो, यसबारे संघीय सरकारसित गम्भीर रुपले कुराकानी गर्ने बताउनुभयो । खडेरीको समस्या निराकरण गर्न आप्mनो सरकारले कुनै कसर नछोड्ने प्रतिबद्धता पनि मुख्यमन्त्री यादवले व्यक्त गरे ।
यो प्रारम्भिक बैठक हो । कुन जिल्लामा के अवस्था छ, जानकारी लिन भेला गरेका हौ, यसपछि निराकरणका लागि कम्मर कसेर लाग्ने उनले बताए । सो अवसरमा निमित्त प्रमुख सचिव किशोर कुमार चौधरी, गृह तथा संचार सचिव उमेश ढकाल, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव नम्रता सिंह लगायत प्रदेशका वरिष्ठ पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# जनकपुरधामका विद्यालय एक साता बन्द




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आँखाको भाइरल रोगमा बढोत्तरी भएपछि जनकपुरधाम उपमहानगरपालिका अन्तरगतको शैक्षिक संस्थाहरु एक साताको लागि बन्द गरिएको छ ।
जनकपुरधाम उपमहानगरपालिकाले एक सूचना जारी गर्दै जनकपुरधामको विद्यालयहरु एक साताको लागि बन्द गर्ने निर्णय गरिएको हो ।जनकपुरधाम उपमहानगरपालिकाले आँखा पाक्ने रोगको प्रकोप बढ्दै गएपछि सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि जानकी आँखा अस्पतालबाट अनुरोध आएपछि साउन २१ गतेदेखि २६ गतेसम्म विद्यालय बन्द गरेको छ । एक साताका लागि जनकपुरधाम उपमहानगरपालिकामा पर्ने सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु, शिक्षण संस्थाहरु बन्द गरिएको निमि  त्त प्रमुख प्रशासकीय अधिकृत मिहिलाल यादवद्वारा जारी गरिएको सूचनामा उल्लेख छ ।

# जनकपुरमा ‘एम्स’ ल्याउन भारत जाँदै चिकित्सक टोली



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाममा एम्स अस्पतालको शाखा सञ्चालन गर्न इन्डो–नेपाल डाक्टर्स फोरममा आवद्ध चिकित्सकहरुको टोली आज (शनिबार) पटना जाँदैछ । बिहारको राजधानी पटना आएका भारतीय रक्षा मन्त्री राजनाथ सिंहलाई भेट्न पूर्व निर्धारित कार्यक्रम अनुसार फोरममा आवद्ध चिकित्सकहरुको टोली त्यहाँ जान लागेका हुन् ।
टोलीमा फोरमका अध्यक्ष डा. नवल किशोर सिन्हा, कार्यकारी अध्यक्ष डा. पीके ठाकुर, सचिव डा. रामदेव चौधरी, कोषाध्यक्ष रवि पाण्डे, सह–कोषाध्यक्ष डा. विजयकुमार साह, डा. रामजी यादव, डा. रामज्ञान यादव, डा. अजय मिश्रा, डा. मिसा महासेठ, सामाजिक अभियन्ता राजेन्द्र साह र सञ्जु यादव छन् ।
काठमाडौंस्थित भारतीय राजदूतावास, मधेश प्रदेशस्थित सामाजिक मन्त्रालय र मुख्यमन्त्रीको कार्यालयले एम्सको लागि एनओसी दिएको छ । एम्स स्थापनाका लागि जनकपुरमा जग्गाको खोजी भइरहेको छ ।

# सुस्त सदनलाई जगाउन नागरिक जाग्नु आवश्यकः सभामुख




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सामाजिक रुपान्तरणको लागि सडकमा काम भएपछि मात्र सदनमा त्यसको असर पर्ने बताएका छन् ।
बाल संरक्षण, बाल विकास, महिला हिंसाका विरुद्ध, सामाजिक विकास,विपद व्यवस्थापन लगायतका क्षेत्रमा काम गर्दै आएका एसडिआरसीका अध्यक्ष मञ्जु यादवको अध्यक्षतामा भएको साधारण सभामा बोल्दै सभामुख मण्डलले वर्तमान अवस्थामा मधेश प्रदेशमा सुख्खा भएपनि यहाँका नागरिकले सरकारलाई दवाब दिन सडकमा नआएकाले सदन पनि सुस्त भएको बताए । किसानहरुको समस्या धेरै भएपनि यहाँका जनतालाई अधिकारको लागि आफ्नो आवाज राख्नु पर्ने बताउदै उनले सदनलाई तताउन सडकमा आवाज उठ्नुपर्ने बताए ।
समाजको उन्नतिका लागि सरकार प्रत्यक्ष रुपमा विभिन्न अंग निर्माण गरी काम गरिरहेका छन् भने गैर सरकारी संस्थाहरु प्रतिविम्वका रुपमा सामाजिक क्षेत्रमा काम गरीरहेको बताए । देश विकासमा गैर सरकारी संस्थाको आवश्यक्ता रहेपनि केहि संस्थाको नाकारात्मक क्रियाकलापका कारण नागरिकको गैर सरकारी संस्था प्रति विस्वास कम भएको उनले बताए ।
समाजिक विकास र अनुसन्धान केन्द्र एसडिआरसीका संस्थापक अध्यक्ष तथा संरक्षक रामसिंह यादवको विशेष उपस्थितिमा भएको सो साधारण सभामा सस्थाका कार्यक्रम संयोजक विवश श्रेष्ठले गत आर्थिक वर्षमा संस्थाले बाल संरक्षण तथा बाल सपना परियोजनाका क्षेत्रमा गरेको कामहरुका बारेमा जानकारी गराएका थिए । तीन वर्ष मुनिका बालबालिकाहरुको विकासका लागि सञ्चालित परियोजनाले बालबालिकाहरुको शारीरिक विकास, भाषिक विकास, बौधिक विकास,सामाजिक विकास र संबेगात्मक विकासका लागि काम गरेको बताए ।
सामाजिक क्षेत्रमा लामो समय देखि काम गर्दै आएको सामाजिक विकास र अनुसन्धान केन्द्र(एसडिआरसी)को ३२ औं साधारण सभा जनकपुरधाममा सम्पन्न भएको छ ।

# अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच ल्याउन छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच सम्बन्धी जनकपुरधाममा छलफल भएको छ । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मधेश प्रदेश र प्रदेशिक अस्पताल जनकपुरधाममा रहेको ओसीएमसी टिमका प्रतिनिधिहरू विच छलफल गरिएको हो ।
छलफलबाट अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच पुग्न नसकिरहेको विविध विषयमा छलफल गर्दै यस्ता समस्याहरूमा सूचना आदान प्रदानको माध्यमबाट सहकार्य र समन्वय गरेर अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच बढाउने साथै महासंघले प्रकाशन गरेका सचेतनामूलक प्रचार प्रसार सामग्रीलाई अस्पतालको विभिन्न स्थानहरूमा राख्नेर वा टास गरेर सचेतना प्रवाह गर्ने सहमति गरिएको छ ।
प्रादेशिक अस्पतालका मेडिल डाईरेक्टर राम नरेश पन्डितको समेत उपस्थिति रहेको सो छलफल कार्यक्रमको अवसरमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालद्वारा प्रकाशन गरिएको पहुँचयुक्तता परीक्षण प्रतिवेदन समेत हस्तान्तरण गरिएको छ । प्रतिवेदन बुझ्दै यस वर्ष अस्पतालको स्तरउन्नतिका लागि योजना समेत रहेको हुँदा प्रतिवेदनले दिएको सुझाव अनुसार संरचनामा सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दै अझ रचनात्मक कार्यका लागि सुझावको अपेक्षा रहेको कुरा बताए । छलफल कार्यक्रममा प्रादेशिक अस्पताल जनकपुरधाम ओसीएमसी टिमका तर्फबाट मेडिल डाईरेक्टर राम नरेश पन्डित, डा. रुवी सिंह, डा रामदेव चौधरी, फोकल पर्सन सुनिती यादव, संयोजक सपना कुमारी चौधरी थिए ।
राष्ट्रिय अपाङ्ग महासंघको तर्फबाट अध्यक्ष किरण कुमार पासवान, प्रदेश व्यवस्थापक प्रकाश नेपाली, वकालत संयोजक चन्द्र राई, परियोजना अधिकृत मधु गुप्ता र प्रदेश परियोजना कार्यदलका संयोजक जय प्रकाश ठाकुर, सदस्यद्धय सञ्जु भगत र रञ्जना कुमारीको उपस्थिति रहेको थियो ।

# फरार प्रतिवादी १९ वर्षपछि पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले ज्यान सम्बन्धी कसुरको फरार प्रतिबादीलाई १९ वर्ष पछि पक्राउ गर्न सफल भएको छ ।
पक्राउ पर्नेमा धनुषाधाम नगरपालिका वडा नं ९ बस्ने हनिफ दफालि रहेको छ । दफालिले वि.स २०६३ असोज २७ गते सोही ठाउँ बस्ने कमरुल खातुनलाई लात्तिले कोखामा हिर्काउदा घटनास्थलमै मृत्यु भएको थियो भने दफालि सोही बेला देखि फरार रह्दै आएका थिए । शुक्रबार इलाका प्रहरी कार्यालय ढल्केबर र यज्ञभूमिको संयुक्त टोलीले दफालिलाई पक्राउ गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषा ल्याइएको छ ।

# मधेश प्रदेशमा आजदेखि वर्षा हुने सम्भावना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समय देखि अकाशे पानीको पर्खाइमा रहेका किसानहरुलाई शनिबार देखि राहत मिल्ने संकेत देखिएको छ । मनसुनी रेखा नेपालतर्फ सर्ने क्रममा रहेकाले मधेशका जिल्लाहरुमा पनि पानी पर्ने सम्भावना रहेको मौसम विज्ञान विभाग पूर्वानुमान महाशाखाले जनाएको छ । मधेश प्रदेशमा पनि पानी पर्ने सम्भावना रहेको महाशाखाले आजदेखि मधेश प्रदेशमा हल्कादेखि मध्यम वर्षा र एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जानकारि दिएको छ । महासाखाले दिएको जानकारि अुनसार यसबाट कृषि कर्ममा आवश्यकता परिपूर्ति त नहोला तर केही दिनलाई भए पनि राहत भने हुने सम्भावना छ । महाशाखाले तीन दिनको मात्रै मौसम पूर्वानुमान गर्ने भएकाले कति दिनसम्म पानी पर्छ भनेर ठोकुवा गरेर भन्न सकिने अवस्था रहेको छैन । मधेश प्रदेशमा दुई दिन पानी पर्ने सम्भावना रहे पनि सबैतिर एक



नासको पानी भने नपर्ने उनको भनाइ छ । अहिले पानी पार्ने मनसुनको न्यून चापीय रेखा नेपालको पश्चिम भागतिर सरदर स्थानभन्दा उत्तरतिर (नेपालतिर) र पूर्वी भागतिर सरदर स्थानको दक्षिणतिर (भारततिर) अवस्थित छ । न्यून चापिय रेखा नेपालको पूर्वी भागतिर पनि केही दिनमै सरदर स्थानभन्दा उत्तरतर्फ सर्ने क्रममा छ । आइतबारसम्ममा न्युनचापीय रेखा सरदरस्थान भन्दा उत्तरतिर सर्ने सम्भावना छ जसले गर्दा अलिकति एक्टिभिटीहरु बढ्छ ।’नेपालमा मनसुनी वायुको प्रभावका साथै उत्तरी छत्तीसगढ आसपासको क्षेत्रमा रहेको न्यून चापिय प्रणाली को आंशिक प्रभाव रहेको छ । मनसुनको न्यून चापीय रेखा पश्चिमतिर सरदर स्थान भन्दा उत्तर र पूर्वतिर सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको छ । न्यून चापिय रेखाको पूर्वी भाग केही दिनमा सरदर स्थान भन्दा उत्तर तर्फ सर्ने क्रममा रहेको छ ।

# लक्ष्यको ८२ प्रतिशत मुद्दा फर्छ्यौट

**आर्थिक वर्ष २०७९/८० मा ७ हजार ८ सय ८५ मुद्दा तथा रिट निवेदन दर्ता भएकामा ४ हजार ८ सय ४९ फर्छयौट भएको र ३ हजार ३६ वटा मुद्दा बाँकी रहेको छ ।**

**मधेशदृष्टि**
**वीरगंज ।**
उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा आर्थिक वर्ष २०७९/८० मा ४ हजार ८ सय ४९ मुद्दा फर्छयौट भएका छन् । उच्च अदालतको अस्थायी इलास वीरगंजले आयोजना गरेको सञ्चारकर्मीसँगको छलफलमा न्यायाधीश अच्युतप्रसाद भण्डारीले अदालतमा दर्ता भएका मुद्दामध्ये ४ हजार ८ सय ४९ मुद्दा फर्छयौट भएको जानकारी दिए ।
उनले उच्च अदालत वीरगंजमा आर्थिक वर्ष २०७९÷८० मा ७ हजार ८ सय ८५ मुद्दा तथा रिट निवेदन दर्ता भएकामा ४ हजार ८ सय ४९ फर्छयौट भएको र ३ हजार ३६ वटा मुद्दा बाँकी रहेको जानकारी दिए ।
सर्वोच्च अदालतले उच्च अदालतलाई दिएको लक्ष्यको आधारमा ८२ प्रतिशत भन्दा बढी मुद्दा फर्छयौट भएको र वास्तविक लागतको आधारमा ५२ प्रतिशत मुद्दा फर्छयौट भएको न्यायधिश भण्डारीले जानकारी दिए । उच्च अदालतको वीरगंजस्थित अस्थायी इजलासमा १५ जना न्यायाधीशको दरबन्दी भए पनि हाल ७ जना मात्रै कार्यरत रहेको र ६ जनाको दरबन्दी रिक्त हुँदा मुद्दा फर्छयौट प्रभावित भएको न्यायाधीश भण्डारीले बताए ।
उच्च अदालतमा आर्थिक वर्ष २०८०/८१ को कार्ययोजनाअनुसार सर्वोच्च अदालतको निर्देशनअनुरुप हालसम्म फर्छयौट हुन बाँकी रहेका ४ हजार ३ सय ५७ मुद्दा उजुरी ९ सय १५ लाई फर्छयौट गर्ने अभियानमा आफूहरु जुटेको न्यायाधीश लेखनाथ पौडेलले जानकारी दिए ।
न्यायपालिकाको स्वतन्त्रतासहित न्यायिक सुशासनका लागि उच्च अदालत वीरगंज प्रतिवद्ध रहेको बताउँदै न्यायाधीश पौडेलले कतिपय मुद्दामा बिचौलिया र वकिलको बदमासीका कारण न्यायाधीशहरु बदनाम हुने गरेको गुनासो गरे ।
उनले न्यायाधीशले पैसा खाएर पनि मुद्दा हारेका गुनासा आफूहरुसम्म आउने गरेको बताउँदै यसमा बिचौलिया र वकिलको बदमासी भएको र आफूहरुको संलग्नता भेटिए कारबाही भोग्न तयार रहेको बताए । उनले घुस खानेसँगै घुस दिने सबै भन्दा ठूला दोषी हुन् भन्दै सुशासनका लागि न्यायपालिका प्रतिवद्ध रहेको र सार्वजनिक सवालमा सञ्चारकर्मीका लागि अदालत सधैँ खुला रहेको जिकिर समेत गरे ।
छलफलमा अदालतका न्यायाधीश गणेश प्रसाद बराल, सीताराम मण्डल, सुदर्शन भट्ट, शान्ता सेढाइँ, राजेश कुमार काफ्ले, प्रेमराज ढकाल, अदालतका रजिष्ट्रार, उपरजिष्ट्रारसहित पर्साका सञ्चारकर्मीको सहभागिता थियो ।




**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक वर्ष २०७९/८० मा पर्सामा बलात्कार, हत्या लगायत गम्भीर अपराधका घटना बढेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साले गरेको पत्रकार सम्मेलनमा अघिल्लो आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा बलात्कार, हत्यालगायतका गम्भीर अपराधका घटना बढेको तथ्यांक सार्वजनिक गरेको छ । आर्थिक वर्ष २०७८/७९ मा जबर्जस्ती करणी, बलात्कार, जबरजजस्ती करणी उद्योग, कर्तव्य ज्यान हत्या, बाल यौन दुव्र्यवहार, मानव बेचबिखनलगायतका गम्भीर अपराधसम्बन्धी ६६ वटा मुद्दा दर्ता भएका छन् भने आर्थिक वर्ष २०७९/८० मा भने यो संख्या बढेर ७८ मा पुगेको प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए । आर्थिक वर्ष २०७९/८० मा सबै भन्दा बढी बलात्कार र बलात्कारको प्रयाससम्बन्धी घटना भएका छन् । गत आर्थिक वर्षमा बलात्कारका ४९ र बलात्कारको प्रयासका ५ वटासहित ५४ मुद्दा दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षमा भने बलात्कारका ३४ र बलात्कारको प्रयासका १३ वटासहित ४७ मुद्दा दर्ता भएका थिए । यस्तै, गत आर्थिक वर्षमा कर्तव्य ज्यान हत्यासम्बन्धी १६ मुद्दा दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षमा ११ मुद्दा दर्ता भएका थिए । गत आर्थिक वर्षमा बाल यौन दुव्र्यवहारका ४ र मानव बेचबिखनका ४ मुद्दा दर्ता भएको थियो भने अघिल्लो आर्थिक वर्षमा बाल यौन दुव्र्यवहारका १ र मानव बेचबिखनका ७ मुद्दा दर्ता भएका थिए ।
गाउँघरमा पछिल्लो समय विवाहको उमेर नपुगेका किशोरी आफनो प्रेमीसँग भागेपछि किशोरीका अभिभावकले प्रहरी कार्यालयमा जबर्जस्ती करणीको मुद्दा दर्ता गराउने गरेका कारण बलात्कारका मुद्दाको संख्या बढेको प्रहरी उपरीक्षक साहले बताए । यसैगरी, पर्सामा आर्थिक वर्ष २०७९/८० मा कर्तव्य ज्यानसम्बन्धी १६ मुद्दा दर्ता भएका छन् भने गर्भपतनका २, ज्यानमार्ने उद्योगका ३६, आत्महत्याका १ सय १६, आत्महत्या गर्न दुरुत्साहनको मुद्दा ३, भवितव्य ज्यानका ८, फुटकर ज्यान ४, सवारी ज्यान ३८ जना र लागुऔषधमा ३ सय २ जनाविरुद्ध मुद्दा दर्ता भएको छ ।

## माओवादीमा २२ महिला केन्द्रीय सदस्य



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रले केन्द्रीय समितिमा २२ महिला थप गरेको छ । योसँगै माओवादी केन्द्रीय कमिटी ४ सय ७ सदस्यीय बनेको छ ।
केन्द्रीय समितिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्न माओवादीले २२ महिला थपेको हो । थपिएका केन्द्रीय सदस्यहरु शुक्रबारदेखि केन्द्रीय कमिटी बैठकमा सहभागी भएका छन ।
यसअघि अध्यक्ष पुष्पकमल दाहालले बुधबारको केन्द्रीय समिति बैठकमा ३३ प्रतिशत महिला थप गर्ने प्रस्ताव गरेका थिए । अध्यक्षको प्रस्ताव पारित भएपछि मनोनीत भएका केन्द्रीय सदस्यहरु बैठकमा सहभागी भएका हुन ।
थपिएका महिला केन्द्रीय सदस्यहरुमा आङदावा शेर्पा, इन्दिरा अधिकारी, उमा कपाली, उर्मिला विक, गंगा खड्का, गीताकुमारी कँडेल चौलागाई, गीता शाही, छमकुमारी खनाल, दिलमाया बुढामगर, निरमाया श्रीस, निशा न्यौपाने, पार्वती थापा, भगवती तिवारी, मोतिकली चलाउने, कुमारी पुन, लिला शर्मा, सपना परियार, सीता दाहाल, सुशीला घिमिरे, सुशीला पौडेल, सूर्यकुमारी विक र सरु चौधरी छन् ।

## जनमतको समर्थन निरन्तर रहने



**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनमत पार्टीले सङ्घ र प्रदेश सरकारलाई दिएको समर्थन कायम राख्ने भएको छ ।
पार्टीको केन्द्रीय समिति बैठकमा अध्यक्ष डा. सीके राउतले वर्तमान सरकारलाई निरन्तता दिने निर्णय गरेको पार्टीका केन्द्रीय प्रवक्ता डा. शरद सिंह यादवले बताए । बैठकले पार्टी सङ्गठनलाई पाँच गुणा ठूलो बनाउने लक्ष्यका साथ 'मिसन–८४' अगाडि बढाउने निर्णय गरेको छ ।
पार्टीले स्थानीय जनप्रतिनिधिसम्मिलत पार्टी समन्वय बैठक बोलाएको छ । बैठकमा वडाध्यक्ष, नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षको सहभागिता रहनेछ ।

## धान र चामल आयात गरिने

***खाद्यान्नको अभाव हुन नदिन १० लाख मेट्रिक टन धान र १ लाख मेट्रिक टन चामल आयात गर्ने तयारी***



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले यो वर्ष १० लाख मेट्रिक टन धान र १ लाख मेट्रिक टन चामल विदेशबाट आयात गर्ने भएको छ ।
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले खाद्यान्नको अभाव हुन नदिन १० लाख मेट्रिक टन धान र १ लाख मेट्रिक टन चामल आयात गर्ने निर्णय गरेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक गजेन्द्र ठाकुरले जानकारी दिए । भारतले हालै चामल निर्यातमा प्रतिबन्ध लगाएको, नेपालमा पर्याप्त वर्षा नहुँदा धान रोपाइँ पूर्णरुपमा हुन नसकेको जस्ता पक्षलाई मध्यनजर गर्दै सरकारले धान र चामल आयात गर्ने निर्णय गरेको विभागले पत्रकार सम्मेलन आयोजना गरी जानकारी गराएको हो ।
त्यस्तै, सरकारले ५० हजार टन चिनी निर्यात गर्ने निर्णय पनि गरेको छ । बजारको आपूर्ति व्यवस्थालाई सहज बनाइ महँगी नियन्त्रणका लागि आपूर्तिको निर्णय भएको ठाकुरले बताए ।

## बलात्कार घटनामा कोही फरार, कोही पक्राउ



**मधेशदृष्टि**
**सर्लाही ।**
३७ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा हरिपुर्वा नगरपालिका–४ धनकौल पूर्वका ४२ वर्षीय सोफिया भनिने सुरेन्द्र कुमार यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा उजुरी परेको छ । पीडितका अनुसार आरोपितले साउन ११ गते बलात्कार प्रयास गरेका हुन् । पीडित महिलाको स्वास्थ्य परीक्षण साउन १८ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भएको छ । उजुरी पश्चात आरोपित यादव फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पंजियार थारुले जानकारी दिए ।
उता, १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा बागमती नगरपालिका–१० शङ्करपुरका ३२ वर्षीय नरबहादुर विश्वकर्मालाई इलाका प्रहरी कार्यालय बरहथवाले गिरफ्तार गरेको छ । आरोपितले पीडित बालिकालाई साउन १४ गते घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिएका थिए । पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन १७ गते सर्लाही जिल्ला अस्पताल मलङ्गवामा भएको छ ।
यस्तै, ६ वर्षीया बालिकालाई बलात्कार गरी ११ वर्षदेखि फरार बरहथवा नगरपालिका–७ का २९ वर्षीय उदयकुमार पण्डित कुम्हारलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवाले पक्राउ गरेको छ ।
आरोपितले बालिकालाई २०६६ जेठ २ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा २०६६ साउन ५ गते उजुरी दिएका थिए जिल्ला अदालतले २०६९ साउन ३१ गते आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद सजाय र ५० हजार रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गरेको थियो।
आरोपित कुम्हारलाई प्रहरीले गाउँमा लुकिछिपी बस्दै गरेको अवस्थामा गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेको र अदालतको आदेशमा आरोपितलाई जिल्ला कारागार सिन्धुली पठाइएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी दीपेन्द्र पंजियार थारुले जानकारी दिए ।

## डढेको चामलको भण्डार भेटियो

**मधेशदृष्टि**
**बारा ।**
प्रसिद्ध एतिहासिक, पर्यटकीय एव धार्मिकस्थल बाराको सिम्रौनगढमा डढेका चामलको भण्डार फेला परेको छ ।
सिम्रौनफढ बजारदेखि अमरपुर सडक निर्माण गर्ने क्रममा डोजरले पाँच फिट तल डढेका चामलको भण्डार फेला परेको हो । सिम्रौनगढ–६ मा करिब एक कठ्ठा क्षेत्रफलमा डढेका चामलको सतह फेला परेको हो ।
सन् १३५० इस्वीमा दिल्लीका बादसाह ग्यासुदिन तुग्लक बङ्गालमा आक्रमण गरी फिर्ता हुने समयमा सिम्रौनगढमा आक्रमण गरी त्यहाँका मूर्तिहरु तोडफोड गरेका थिए । सोहीक्रममा आगो लगाइ संरचना ध्वस्त पारेका थिए ।
चामलको भण्डार सोही बेलाको रहेको अनुमान गरिएको छ । सात वर्ष पहिले त्यस क्षेत्रमा प्रशस्त मात्रामा डढेका चामल पाइने गरेको भए पनि स्थानीयले अहिले त्यहाँ खेत बनाइसकेका छन् । चामल भेटिएको स्थानको संरक्षण हुनुपर्ने स्थानीयको माग छ ।

## उपमेयरका पति पुर्पक्षमा

**मधेशदृष्टि**
**राजविराज ।**
नेपाली नागरिकतासम्बन्धी कसूरमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाका उपमेयर मीराकुमारी यादवका पति महेन्द्र कुमार यादव पुर्पक्षका लागि करागार (जेल) चलान भएका छन् । बिहीबार सप्तरी जिल्ला अदालतका न्यायाधीस लालकाजी श्रेष्ठको आदेशले उनी पूर्पक्षका लागि करागार चलान भएको अदालतका सूचना अधिकारी गंगाकुमार मिश्रले जानकारी दिए ।
मुद्दामा १२ दिनअघि उपमेयर मीरा १ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएकी थिइन् । अनुसन्धानको क्रममा पटकपटक म्याद थप्दै २३ दिनसम्म प्रहरी हिरासतमा रहेकी मीरा साउन ८ गते धरौटी बुझाएर रिहा भएकी थिइन् । यो प्रकरणमा महेन्द्रका बुवा (नागरिकताअनुसार) सहदेव यादव पनि ३ दिनअघि मात्रै १ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका थिए । मुद्दाको अनुसन्धानकै क्रममा फरार सूचीमा रहेका महेन्द्र बिहीबार नै अदालतमा उपस्थित भएका थिए ।

## लम्पी स्किनविरुद्ध खोप अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकामा किसानले पालेको पशुचौपायालाई लम्पी स्किन रोगविरुद्धको खोप लगाउन सुरु गरिएको छ । पशुचौपायालाई लम्पी स्किन रोग नियन्त्रणका लागि निःशुल्क खोप लगाउन सुरु गरिएको हो ।
प्रदेश सरकारले उपलब्ध गराएको पाँच सय डोज खोप लगाउन सुरु गरिएको बहुदरमाई नगरपालिकाका कृषि तथा पशु सेवा शाखाका भेटेरिनरी अधिकृत महेश प्रसाद साहले जानकारी दिए ।
उनका अनुसार हालसम्म दुई सय पशुचौपायालाई भ्याक्सिन लगाइएको छ । पालिकाको नगरदाहा, विश्रामपुर, बैरिया लगायतका गाँउबाट १० वटा पशुमा लम्पी स्किन रोग फेला परेको अधिकृत साहको भनाइ छ । साहले पहिलो चरणमा गाईलाई र दोस्रो चरणमा फाट्टफुट्टका पशुमा डोज खोप लगाइने बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन